# स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना
## Local Disaster and Climate Resilience Plan (LDCRP)

*(आ.व. २०८१/०८२ देखि २०८६/०८७ सम्म)*

<u>तयार गर्ने</u>

विजयनगर गाउँपालीका, कपिलवस्तु
**भाद्र २०८१**




योजनाको नाम : **स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना**

तयार गरिएको वर्ष : २०८१/२०८२
योजना अबधि : ५ बर्ष
तयार गर्ने : विजयनगर गाउँपालिका, कपिलवस्तु
प्रथम प्रकाशन: २०८१
सर्वाधिकार : विजयनगर गाउँपालिका, कपिलवस्तु

**आर्थिक तथा प्राविधिक सहयोग :** युनीसेफ, भैरहवा
स्रोत व्यक्ति : विजय सिंह ठकुरी

# विजयनगर गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,
## विजयनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्या २०८१।०८२ मितिः२०८१।०६।
चलानी नं.

## शुभकामना पत्र

नेपाल सरकार संघिय मामिला तथा स्थानीय विकास मन्त्रालय द्धारा जारी गरिएको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार यस गाउँपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना बनेको थियो । प्राकृतिक तथा मानव निर्मित आइपर्ने अप्ठेरो परिस्तिथीलाई विपद् भनिन्छ जो मानिसले प्रकृतिसंग गरिने कृयाकलापहरुमा पनि आधारित हुन्छ । कतिपय प्रकोपहरु प्राकृतिक रुपमा मात्रै उत्पत्ती हुन्छन् तिनिहरुलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न सक्दैन तर तिनीहरुबाट वच्ने उपाय गर्न सक्छ जस्तै भुकम्प, वाढी, पहिरो, चटयाङ्ग, हावाहुरी, यसलाई मान्छेले रोक्न अथवा नियन्त्रण गर्न नसके पनि यसवाट हुने क्षती कम हुने उपाय गर्न सक्छ भने अन्य आगलागी, महामारी, जनावर आतंक, सडक दुर्घटना जस्ता प्रकोपहरु मानविय कृयाकलापबाट सृजित हुने भएकाले यसको प्रभावकारी व्यवस्थापन र न्यूनिकरण गर्न विभिन्न उपायहरु अपनाउनु पर्ने हुन्छ ।

माथिको वाक्यांशलाइ शिरोधार्य गर्दै यस विजयनगर गाउँपालिकामा हुने सम्भावित विपदहरुको पहिचान गरी ति विपदहरुलाई व्यवस्थापन र न्यूनिकरण गर्न यस क्षेत्रको "**स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना**" निर्माण गरिएको हो । योजनाले पालिकाभित्र हुने सम्भावित विपद् पहिचान गरी यसको न्यूनिकरणका लागि योजना तथा कार्यक्रम समेत समेट्ने प्रयास गरेको छ । प्रस्तुत योजना अनुसार यस क्षेत्रको विपद् तथा जलवायु उत्थानशिल योजनाले समेटेका योजना तथा कार्यक्रमहरु कार्यान्वयनको लागि सहयोग जुटाउन सवै सम्वन्धित सरोकारवाला सरकारी तथा गैर सरकारी निकायहरुलाई अनुरोध गरिनेछ ।

यस गाउँपालिकाको स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तयार गर्न सहयोग गर्ने स्थानीय तह, सम्पूर्ण सरोकारवालाहरु तथा **आर्थीक तथा प्राविधिक** सहयोग उपलब्ध गर्नुहुने **युनीसेफ भैरहवालाई** बिशेष धन्यवाद दिन चाहन्छु ।

.............................................
गोपाल वहादुर थापा मगर
अध्यक्ष
विजयनगर गाउँपालीका,

# विजयनगर गाँउपालिका

## गाउँ कार्यपालिकाको कार्यालय,
## विजयनगर, कपिलवस्तु

लुम्बिनी प्रदेश,नेपाल

पत्र संख्याः०८१।०८२
चलानी नं.                                                                                                    मितिः२०८१।०६।

## शुभकामना पत्र

नेपाल सरकारद्धारा जारी गरिएको स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिका २०७४ अनुसार यस गाउँपालिकामा स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना निर्माण भएको थियो ।

यो विजयनगर गाउँपालिका जलवायु परिवर्तन र मानविय कृयाकलापहरुको कारण वर्षेनी वाढी सहित विभिन्न प्रकोपले प्रभावित हुने भएकोले विपद् जोखिमहरु केही हद्सम्म न्युनिकरण गर्नलाई यो योजनाले ठूलो भुमिका खेल्छ भन्ने आशा गर्न सकिन्छ । यसता विपद् तथा जोखिमले विजयनगर गाउँपालिका भित्र प्राय सबै स्थानमा प्रभाव पर्ने भएपनि अति विपन्न वर्ग र समुदायहरु, गर्भवति, सुत्केरी, २ वर्षमुनिका वालवालिकाहरु, अपांगता भएकाहरु, जेष्ठ नागरिक तथा दिर्घरोगी व्यक्तिहरुको लागि यो योजनका कृयाकलापहरु सहयोगी सिद्ध सावित हुन आवश्यक रहेकोछ । जवसम्म यस्ता सामाजिक सवालहरुमा हाम्रा बनेका योजना र कृयाकलापहरुलाई प्राथामिकतामा राखिन्न सामाजिक विकास पनि असम्भव प्राय छ ।

यो योजनामा उल्लेखित शिक्षा र स्वास्थ्यलाई प्राथमिकता दिनुपनि आजको आवश्यकता हो । योजनामा प्रस्तावित कृयाकलापहरु र प्रस्तावित बजेट धेरै देखिएपनि स्थनीय तह आफै सकृयपूर्वक लाग्न सकेमा, पालिका स्तरीय, जिल्लास्तरीय सरोकारवालहरुसंग समन्वय सहकार्य गर्न सके साथै प्रदेश तथा केन्द्रिय बजेट र सहयोग जुटाउन सके हामीले निर्धारण गरेको योजना र कृयाकलापहरु तोकिएको समयमा सम्पन्न गर्न सक्छौं

यो स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना बनाउन सहयोग गर्ने पालिकाभित्रका सबै सरोकारवाला संघसंस्था, स्थानीय विपद् व्यवस्थापन समिति, विषयगत शाखाहरुका प्रतिनिधिहरुलाई मुरी मुरी धन्यवाद दिन चाहन्छु । साथै **आर्थीक तथा प्राविधिक** सहयोग गर्ने **युनीसेफ भैरहवा**लाई बिशेष धन्यवाद दिन चाहन्छु ।

............................
श्री शोभाराम रिजाल
प्रमुख प्रशासकीय अधिकृत
विजयनगर गाउँपालीका

## संक्षिप्त शब्द तथा पूर्णरुपमा

| | |
|---|---|
| जि.प्र.का: | जिल्ला प्रशासन कार्यालय |
| जि.स.स.का | जिल्ला समन्वय समितिको कार्यालय |
| सि.वि.स.ई. | शिक्षा विकास समन्वय ईकाई |
| जि.प्र.का: | जिल्ला प्रहरी कार्यालय |
| जि.कृ.वि.का: | कृषि ज्ञान केन्द्र |
| डि.व.का: | डिभिजन वन कार्यालय |
| जि.ज.स्वा.का: | जिल्ला जनस्वास्थ्य कार्यालय |
| गा.पा. | गाउँपालिका |
| गै.स.सं: | गैर सरकारी संस्था |
| ने.रे.सो: | नेपाल रेडक्रस सोसाईटी |
| ने.से: | नेपाली सेना |
| स.प्र.ब: | सशस्त्र प्रहरी बल |
| ला.पा | स्थानीय अनुकुलन योजना |
| ना.पा | राष्ट्रिय अनुकुलन योजना |
| एल.डि.सि.आर.पि | स्थानीय विपद तथा जलवायु परिवर्तन उत्थानशिल योजना |
| एल.डि.आर.एम.पि | स्थानीय विपद जोखिम व्यवस्थापन योजना |
| सिडिएम | विकास तथा प्रकोप व्यवस्थापन केन्द्र |
| CCA | Climate Change Adaptation |
| DRR | Disaster Risk Reduction |
| FAO | Food and Agriculture Organization |
| LEOC | Local Emergency Operating Center |
| UNICEF | United Nations International Children’s Emergency Fund |
| VCA | Vulnerability Capacity Assessment |
| WFP | World Food Program |
| WHO | World Health Organization |

## विपद सम्बन्धी महत्वपूर्ण शब्दहरू

### १. प्रकोप (Hazard)

एक प्रक्रिया, दृश्य, मानव क्रियाकलाप वा परिस्थिति जसले जनधनको नोक्सानी, घाइते हुने सम्भावना वा अन्य स्वास्थ्य सम्बन्धी असरहरू, सम्पत्तिमा क्षति साथै आर्थिक, सामाजिक र वातावरणीय अवरोध ल्याउनसक्छ । **(UN ISDR 2017)**

### २. विपद् (Disaster)

विपद् भन्नाले कुनै स्थानमा आपत्कालीन अवस्था सिर्जना भइ जन वा धनको क्षतिको साथै जीवनयापन र वातावरणमा प्रतिकूल असर पार्ने प्राकृतिक वा गैरप्राकृतिक विपद् सम्झनुपर्छ । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

### ३. सङ्कटासन्नता (Vulnerability )

तुलनात्मकरूपमा कम क्षमता भएका त्यस्तो व्यक्ति वा सामाजिक समूह जोसँग सम्भावित प्रकोपको सामना, रोकथाम गर्न र पुनर्स्थापित हुन कुनै स्रोत/साधन र उपाय हुँदैन भने त्यसलाई सल्कटासन्नता भनिन्छ । वा सल्कटासन्नता भन्नाले खतरामा भएका हुन सक्ने जोखिमका तत्वहरू वा जोखिमको अवस्थामा रहेका व्यक्तिहरू भन्ने बुझिन्छ ।

### ४. सम्मुखता (Exposure)

प्रकोपबाट विपद् उत्पन्न हुनसक्ने क्षेत्रतर्फ उन्मुख रहेका मानिस, सम्पत्ति, प्रणाली वा अन्य तत्वहरुको उपस्थितिलाई नै सम्मुखता भनिन्छ । ति तत्वहरु ्प्रकोपको सम्मुख हुन्छन् र प्रकोपबाट उत्पन्न हुनसक्ने विपद्बाट प्रभावित हुन सक्छन् ।

### ५. क्षमता (Capacity)

संस्था, समुदाय वा समाजसंग उपलब्ध सबै प्रकारका बलिया पक्षहरु, बिशेषताहरु, स्रोतहरुको समग्र पक्ष जसले विपद्को जोखिम कम गर्न, व्यवस्थापन गर्न र उत्थानशिलता बलियो बनाउछ ।

### ६. विपद् जोखिम (Disaster Risk)

कुनै निश्चित समयमा प्रकोप, सम्मुखता, सल्कटासन्नता र क्षमताको अन्तरक्रियाबाट समुदाय अवथासमाजमा मृत्यु हुन सक्ने, घाइते हुन सक्ने र सम्पत्तिको क्षति हुन सक्ने संभावित अवस्था ।

### ७. रोकथाम (निवारण) (Prevention)

अहिले अवस्थित जोखिम र नयाँ विपद्को जोखिम हुन नदिने क्रियाकलापहरू र उपायहरू ।

### ८. अल्पीकरण (Mitigation)

विपद्मा पर्नु भन्दा पहिले विपद्को असर वा प्रभावलाई कम वा न्यून गर्नका लागि सञ्चालन गरिने कार्य वा उपायहरूलाई अल्पीकरण भनिन्छ । यसअन्तर्गत संरचनात्मक र गैर संरचनात्मक अल्पीकरणका कार्य वा उपायहरू पर्छन् ।

### ९. अनुकूलन (Adaptation)

जलवायु परिवर्तनका नकारात्मक असरहरूसँग घुलमिल हुन सक्ने गरी अर्थपूर्ण वातावरण सिर्जना गर्न गरिने कार्यहरू ।

## १०. विपद् प्रतिकार्य (Response)

विपद्को घटना हुँदासाथ तत्कालै गरिने खोज तथा उद्धार एवम् राहतसँग सम्बन्धित कार्य सम्झनुपर्छ र सो शब्दले विपद् प्रतिकार्यको पूर्वतयारीलाई समेत जनाउँछ । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## ११. पूर्वतयारी (Preparedness)

संभावित वा हालको प्रकोप घटना अथवा प्रकोप अवस्थाका असरहरूको प्रभावकारी ढङ्गले पूर्वानुमान गर्न सक्ने, प्रतिकार्य गर्न सक्ने र त्यसबाट पुनर्लाभ लिन सक्ने सरकारी निकाय, प्रतिकार्य तथा पुनर्लाभमा काम गर्ने संस्था, समुदाय र स्वयं व्यक्तिहरूद्वारा विकसित ज्ञान तथा क्षमता । (**UNSDR 2017**)

## १२. विपद् पुनर्लाभ (Disaster Recovery)

विपद्को घटनापछि गरिने पुनर्निर्माण एवम् पुनर्स्थापनासँग सम्बन्धित कार्य सम्झनुपर्छ । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## १३. उत्थानशील (Resilience)

'उत्थानशीलता' भन्नाले प्रकोप सम्मुखतामा रहेका प्रणाली, समुदाय वा समाजमा अन्तर्निहित ॥मता जसले प्रकोपका असरहरूलाई समयमा नै प्रभावकारी ढङ्गले प्रतिरोध, शमन वा समायोजन गर्नुका साथै पूर्ववत् अवस्थामा फर्कन समर्थ गराउँछ । यसअन्तर्गत आधारभूत संरचना वा सेवा-प्रणालीको संर॥ण एवं पुनर्स्थापनालगायत पर्छन् । स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४)

## १४. विपद् खोज तथा उद्धार समूह

विपद्को अवस्थामा खोजी तथा उद्धार गर्न क्रियाशील वा विपद् व्यवस्थापनका लागि परिचालन गर्न तयार गरिएको विशिष्टीकृत खोज तथा उद्धार समूह सम्झनुपर्छ र सो शब्दले मानवीय सहायताकर्मीलाई समेत जनाउँछ । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## १५. विपद् जोखिम न्यूनीकरण

विपद्पूर्व गरिने जोखिमको विश्लेषण तथा मूल्याल्कन, विपद् रोकथाम वा विपद्बाट हुने ॥तिको न्यूनीकरण तथा विकासका कार्यमा विपद् जोखिम कम गर्नेसम्बन्धी कार्य सम्झनुपर्छ । (विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४)

## १६. विपद् व्यवस्थापन

विपद् जोखिम न्यूनीकरण, विपद् प्रतिकार्य र विपद् पुनर्लाभसँग सम्बन्धित सम्पूर्ण क्रियाकलाप सम्झनुपर्छ । (विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन २०७४

## योजनाको सारांश

विश्व मानचित्रमा विपद् जोखिमको दृष्टिले उच्च जोखिममा रहेको राष्ट्रको रुपमा नेपाललाई लिइन्छ । नेपालले प्रत्येक वर्ष विभिन्न किसिमका प्राकृतिक प्रकोपहरु जस्तै बाढी, पहिरो आगलागी, महामारी, खडेरी, रोगकिरा, मौसमको विषमता तथा भुकम्प जस्ता प्रकोपहरुबाट गम्भीर खतराको सामना गर्दै आएको छ । अझपनि नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहिरहेको मुलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । यसमा विपद् जोखिम न्यूनीकरण तथा जलवायु परिवर्तन उत्थानशीलतालाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा विपद व्यस्थापनलाई मूलपत्रवाहीकरण गर्नुपर्ने यथार्थतालाई आत्मसात गरी दिगो विकासको मान्यतालाई सुनिश्चित गर्न प्रभावित सबै वर्ग, समुदाय एवं क्षेत्रको पहुँच र स्वामित्व स्थापित हुने गरी स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम् परिचालन गर्नुपर्ने आजको आवश्यकता हो । जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ । यस्ता असरहरूले बर्सेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाका लहरहरू जस्ता घटनाहरू बढी मात्रामा दोहोरिएका छन् । यसको प्रभाव प्रत्यक्ष रूपमा जीविकोपार्जन, प्राकृतिक स्रोत, कृषि तथा खाद्य सुरक्षा, जलस्रोत तथा ऊर्जा, वन तथा जैविक विविधता, मानव स्वास्थ्य, ग्रामीण बसोवास तथा पोषण तथा सरसफाई भौतिक पूर्वाधारको क्षेत्रमा देखा पर्न थालेको छ । जलवायु परिवर्तनका नकारात्मक असरबाट गर्भवती महिला, अपाङग, गरिब, विपन्न, एकल महिला, बालबालिका, वृद्धवृद्धाहरू, पछाडी पारिएको वर्ग, साधन स्रोतमा कम पहुँच भएका घरधुरी साथै प्राकृतिक स्रोतमा आश्रित समुदायहरू बढी प्रभावित हुन्छन् भन्ने विभिन्न अध्ययनहरूले प्रष्ट पारिसकेका छन् ।

यस विजयनगर गाउँपालिका पनि बाढी कटान, शितलहर, सडक दुर्घटना, सुख्खा खडेरी, शर्पदंश, रोगकिरा आतंक, हुरीबतास, आगलागि, जनावर आतंक, माहामारी, भुक्षय तथा असिना जस्ता प्रकोपहरुका कारण विपद् जोखिम बढ्दै गईरहेकोछ । यस क्षेत्रका अधिकांश घरधुरीहरू कृषिमा निर्भर रहेका छन् तर बाढी, खडेरी, अनियमित वर्षाबाट यहाँको कृषि उत्पादनमा असर परी यहाँको जीविकोपार्जनको पद्धति, स्वास्थ्य तथा पोषणमा नकारात्मक असर पार्दै गरेको सन्दर्भमा बढ्दै गएको विपद जन्य प्रकोपबाट परेको तथा पर्न सक्ने प्रतिकूल प्रभावबाट स्थानीय स्तरमा अनुकूलन क्षमता अभिवृद्धि गर्न स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तयार गरी कार्यान्वयन गर्नुपर्ने व्यहोरा राष्ट्रिय संरचनाले दर्शाएको छ । यस प्रक्रियालाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन विपद् जोखिम न्युनिकरण तथा ब्यवस्थापन ऐन २०७४ को मूल भावना तथा मर्मलाई आत्मसात गर्दै स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी विपद् जोखिम न्यूनीकरण र जलवायू उत्थानशीलताका विषयहरु समेत समावेश गर्दै “स्थानीय विपद् जोखिम व्यवस्थापन योजना तर्जुमा निर्देशिका, २०६८” तथा स्थानीय जलवायु अनूकुलन योजनाको राष्ट्रिय संरचना २०६८ मा ब्यवस्था भएका प्रक्रिया एवं विधिहरुलाई एकिकृत तथा सरलीकृत गरी स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४ को आधारमा यो स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजना २०८१ निर्माण गरिएको छ र यसलाई स्वीकृत गरी लागू गरिएको छ ।

## संक्षिप्त जानकारी

<table>
<tr><th>शिर्षक</th><th colspan="4">विवरण</th></tr>
<tr><td rowspan="4">वडा सिमाना</td><td colspan="4">विजयनगर गाउँपालीका ७ वटा वडा भएको (साविकका ४ गा.वि.स.समेटिएको)</td></tr>
<tr><td colspan="4">उत्तर, पूर्व: शिवराज नगरपालिका</td></tr>
<tr><td colspan="4">पश्चिम: गडवा गापा, भारत</td></tr>
<tr><td colspan="4">दक्षिण: कृष्णनगर नगरपालिका</td></tr>
<tr><td>अवस्थिति</td><td colspan="2">अक्षांश: २७°३२'५८.९९" देखि २७°४६'२७.७४" उत्तरी अक्षांश</td><td colspan="2">देशान्तर: ८२°४१'४५.९०" देखि ८२°५०'४.५३" पूर्वी देशान्तर</td></tr>
<tr><td>क्षेत्रफल</td><td colspan="4">वर्ग किलोमीटर क्षेत्रफल: १७३.१९ व.कि.मि.</td></tr>
<tr><td rowspan="3">जनसंख्या</td><td>महिला</td><td>पुरुष</td><td>जम्मा जनसंख्या</td><td>जम्मा घरधुरी</td></tr>
<tr><td>२१८८१</td><td>२१४१०</td><td>४३२९१</td><td>७०५९</td></tr>
<tr><td colspan="4">श्रोत: राष्ट्रिय जनगणना २०७८</td></tr>
<tr><td>जातजाती</td><td colspan="4">मगर, थारु, यादव, मधेशी, मुस्लिम, वाहुन, क्षेत्री, दलित</td></tr>
<tr><td>प्रमुख पेशा तथा जीविकोपार्जनका आधार</td><td colspan="4">कृषि, व्यापार, उद्योग कलकारखाना, बैदेशिक रोजगारी</td></tr>
<tr><td>हावापानी</td><td colspan="4">उष्ण हावापानी रहेको ।</td></tr>
<tr><td>मुख्य प्रकोप तथा विपद्हरु</td><td colspan="4">वाढीकटान, आगलागी, हावाहुरी, सडक दुर्घटना, शितलहर, सर्पदंश, खडेरी, माहामारी, असिना र भुकम्प</td></tr>
<tr><td rowspan="2">संकटासन्न वडा</td><td colspan="2">उच्च</td><td>मध्यम</td><td>न्युन</td></tr>
<tr><td colspan="2">५ र ७</td><td>१, २, ३, ४, ६</td><td></td></tr>
<tr><td>योजनाको परिकल्पना</td><td colspan="4">गाउँपालिकाको संकटासन्न तथा जोखिमका समुदायको अनुकूलन क्षमता अभिवृद्धि भै प्रकोप/विपद् तथा जलवायु परिवर्तनबाट हुन सक्ने नकारात्मक असरहरुलाई मध्य नजर गरी विकाश निर्माण हुनुका साथै स्थानीय वासीहरुमा हुन सक्ने विपद लाई न्युनीकरण गरी जलवायु परिवर्तन सँग अनुकुलीत भएका हुनेछन् । त्यस्तै हजार दिनका आमा, बच्चा, गर्भवती आमाको स्वास्थ्यमा पर्ने नकारात्मक असर पनि न्युन</td></tr>
</table>

| | |
|---|---|
| | भई कुपोषण हुनबाट बच्ने । |
| आशातित उपलब्धी | विपद तथा जलवायु परिवर्तनलाई विकाशका क्रियाकलापहरुमा मुल प्रवाहीकरण गरी विपद को हकमा न्युनीकरण र जलवायु सँग अनुकुलीत हुदै तनाव रहित एक समुत्थानशिल  समुदायको रुपमा परिचित हुने । |
| योजना कार्यान्वयनमा | गाउँपालिकाको नेतृत्वमा स्थानीय सेवाप्रदायक, मानविय सहायतामा कामगर्ने संघसंस्थाको सहकार्यमा |
| मुख्य भूमिका/सहयोग गर्न सक्ने निकायहरु | गाउँपालिका र वडा कार्यालयहरु, पालिकामा रहेका विषयशाखाहरु, पालिकामा रहेका सबै स्वास्थ्य संस्थाहरु, नीजि संस्थाहरु, स्वास्थ्य चौकी, कृषि सेवा केन्द्र तथा कृषक समुह, उपभोक्ता समुह, सहकारी संस्था, विद्यालय, युनीसेफ लगायत विभिन्न गैर सरकारी संस्थाहरु सहकारी संस्थाहरु, ई.प्र.का., उधोग वाणीज्य, कृषि ज्ञान केन्द्र, डिभिजन वन कार्यालय, वैंक तथा वित्तीय संस्थाहरु, युवाक्लबहरु (महिला समुह, आमासमुह, बचत समुह तथा वन समुह) |
| क्षमता विकास | गाउँपालिका, वडा कार्यलय र विपद् तथा जलवायु उत्थानशिलता सम्वन्धी काम गर्ने राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संघसंस्थाहरु |
| लैंगिक तथा सामाजिक समाबेशकिरण | जलवायु परिवर्तन तथा गैर जलवायु परिवर्तनले गर्दा मानविय तथा पारिस्थितिकीय प्रणालीमा देखिएको नकारात्मक असरहरुलाई सम्बोधन गर्नको लागि तर्जुमा गरिएको अनुकूलन क्रियाकलापहरुमा अपांगता भएका व्यक्तिहरु, गर्भवती सुत्केरी, महिला, २ वर्षमुनीको बच्चा र तिनका परिवार, विपन्न वर्ग, महिला तथा पछाडि पारिएका वर्गहरुको पहुंच तथा नियन्त्रणको अवस्था सुनिश्चितता गरिएको छ । |
| योजनाको समायोजन | तयार गरिएको स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनालाई दिगो र संस्थागत रुपमा कार्यान्वयन गर्नको लागि वडास्तरमा तयार हुँदै गएको आवधिक वडा योजनामा र आगामी वर्ष देखि राष्ट्रिय योजना तर्जुमा प्रक्रिया अनुसार समायोजन गर्दै लगिनेछ र अन्य सरकारी तथा गैर सरकारी निकायको वाार्षिक योजनामा समेत समाबेश गराउनको लागि पैरवी गरिनेछ । |
| कार्यान्वयन | गाउँपालिकाको नेतृत्व तथा स्थानीय सेवा प्रदायक संघसंस्थाको सहकार्यमा |
| अनुगमन तथा मुल्याङ्कन | कार्यक्रमको अनुगमन तथा मुल्यांकन गाउँपालीका, वडा र समुदाय तहबाट गरिने छ । |

# विषय सुची


खण्ड १: परिचय ........ 1

१.१ राष्ट्रिय सन्दर्भ........ 1

१.१.२ जिल्ला सन्दर्भ : ........ 2

१.१.३. विजयनगर गाउँपालिका सन्दर्भ ........ 2

१.२ योजनाको उद्देश्य ........ 5

१.३ योजनको आवश्यकता र महत्व ........ 5

१.४ योजनाको सिमा........ 6

१.५ योजना निर्माण प्रक्रिया विधि ........ 6

स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया........ 8

१.६ योजनाको कार्यन्वयन रणनीति ........ 9

१.७ योजनाको अनुगमन, मुल्यांकन पुनरावलोकन तथा अध्यावधिक........ 9

खण्ड २ प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण ........ 10

२.१ प्रकोपको परिचान तथा स्तरीकरण........ 10

२.१.१. प्रकोपको अवस्था........ 10

२.१.२. प्रकोपको स्तरीकरण ........ 10

२.२ प्रकोप विश्लेषण........ 12

२.२.१ ऐतिहासिक समय रेखा ........ 20

२.२.२. प्रकोप पात्रोः........ 23

२.२.३ मौसमी पात्रो ........ 24

२.२.४ बाली पात्रो........ 25

२.३. गाउँ तथा वडाको सम्पन्नता स्तरीकरण........ 26

२.३.१ जिर्ण अवस्थामा रहेको सार्वजनिक भवनहरु........ 26

२.४. गाउँपालिकाको क्षमता विश्लेषण ........ 27

२.५ जोखिम पहिचान तथा विश्लेषण........ 29

२.६ बिषयगत क्षेत्रमा परेको प्रभाव विश्लेषण........ 34

२.७ प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कनः........ 41

२.८ संस्थागत विश्लेषण........ 48

२.९. सेवा प्रदायक संघसंस्थाहरु........ 49

२.१० जीविकोपार्जनका स्रोतहरूको उपलब्धता र भविश्यको अनुमान ........ 53

२.११ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन.......... 56
खण्ड ३ः दिर्घकालिन सोंच, परिदृश्य, लक्ष्य, नीति तथा रणनीति.......... 58
३.१ दीर्घकालीन सौँच ..........
३.२ परिदृश्य ..........
३.३ लक्ष्य..........
३.४ नीति ..........
३.५ रणनीति ..........
खण्ड - ४ : स्थानीय विपद् तथा जलवायु उत्थानशील गतिविधिहरु.......... 60
४.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु .......... 60
४.१.१ नीतिगत व्यवस्था तथा निर्णयः.......... 60
४.१.२ जनचेतना तथा क्षमता अभिवृद्धि :.......... 60
४.१.३ जोखिम न्युनिकरण.......... 62
४.१.४ आपत्कालीन पूर्वतयारी : .......... 64
४.१.५. विपद्को समयका प्रतिकार्यका क्रियाकलापहरू.......... 66
४.१.६. विपद् पश्चात्का पुर्नलाभ अर्न्तगत पुर्नस्थापना र पुर्ननिर्माणका क्रियाकलापहरू.......... 68
परिच्छेद् - ५ : स्थानीय विपद् तथा जलवायु उत्थानशील योजनाको अनुगमन, मूल्याङ्कन तथा अध्यावधिकताः.......... 70
५.१ स्थानीय विपद् तथा जलवायु उत्थानशिल योजनाको कार्यान्वयन.......... 70
५.२ स्थानिय विपद् तथा जलवायु उत्थानशिल योजनाको प्रगति र मूल्याङ्कन.......... 70
५.३ योजनाको अध्यावधिकता :.......... 70
अनुसुचीहरु.......... 71
अनुसुची १ः स्थानीय विपद व्यवस्थापन समिति तथा कार्यदलहरुको विवरण .......... 71
१ः स्थानीय विपद् व्यवस्थापन समिति (LDMC) को विवरण ( गाउँपालीका स्तरीय) ..........
२. खोज तथा उद्धार कार्यदल ..........
३. पूर्व सुचना प्रणाली कार्यदल ..........
४. स्वास्थ्य सरसफाई तथा प्राथमिक उपचार कार्यदल..........
५. राहत व्यवस्थापन तथा पुनःस्थापना कार्यदल..........
६. लैंगिक समानता, सामाजिक समावेशिकरण तथा सुरक्षा कार्यदल..........
७. वडास्तरीय विपद् व्यवस्थापन समितिहरु..........
वडा नं. १..........
वडा नं. २..........
वडा नं. ३..........
वडा नं. ४ ..........
वडा नं. ५..........

वडा नं. ६.........................................................................................................................................

वडा नं. ७.........................................................................................................................................

अनुसुची २ स्थानीय तथा वडा विपद् व्यवस्थापन समितिको काम कर्तव्य तथा अधिकार ........................................................... 76

अनुसुची ३: वडामा रहेका विपद् प्रभावित गाउँहरुको स्तरीकरण ............................................................................ 79

अनुसुची ४: वडा स्तरमा रहेको खुल्ला स्थानहरु............................................................................................ 80

अनुसुची ५ प्रत्यक्ष अप्रत्यक्ष सहयोग गर्ने जिल्लामा रहेका कार्यालयहरु........................................................................ 80

अनुसुचि ६: फिल्ड तथा योजना तर्जुमा गोष्ठीका केही झलकहरु ............................................................................ 82

अनुसुची ७. नेपाल सरकार राहत सम्वन्धि मापदण्डहरु तथा राहत प्राप्त गर्न चाहिने कागजातहरु......................................................88

अनुसुची ८: वार्षिक योजना र अनुमानित बजेट तर्जुमा.................................................................................... 89

# खण्ड १: परिचय

## १.१ पृष्ठभुमि

### १.१.१ राष्ट्रिय सन्दर्भ

नेपाल विश्वमा समग्र विपद् जोखिमको हिसावले अति जोखिमको रुपमा २० औं स्थानमा रहेको छ र भूकम्पबाट ११ औं, बाढी र पहिरोबाट ३० औं, जलवायु परिवर्तनको हिसावले ४ औं तर अहिले १२ औ स्थानमा र सडक दुर्घटनामा ५० औं स्थानमा रहेको छ । नेपालभरिका विभिन्न स्थानहरुको विषम भू-बनावट, कमजोर भौगर्भिक अवस्था, मौसमी विषमता तथा जलवायु परिवर्तनको प्रभाव, मानविय कृयाकलापको कारण कार्बन उत्सर्जन र प्राकृतिक स्रोतहरुको अत्यधिक दोहन, जनसंख्या वृद्धि, गरिबी, अव्यवस्थित शहरीकरण र विपद् व्यवस्थापनमा ध्यान नदिई गरिने विकास निर्माणका कार्यहरुले गर्दा नेपाल विभिन्न प्रकृतिक र गैरप्राकृतिक प्रकोपहरुबाट सिर्जित विपद्को उच्च जोखिममा रहेको छ ।

नेपालमा हरेक वर्ष ५०० भन्दा बढी बिभिन्न प्रकोपका घटनाहरू हुने गर्दछन् । जसमध्ये बाढी, पहिरो, डुबान, भूकम्प, चट्यांग, आगलागी, हावाहुरी, हिमताल विस्फोट, सडक दुर्घटना लगायतका प्राकृतिक र गैरप्राकृतिक विपद्का घटनाहरु नियमित रुपमा घट्ने गरेका छन् । यसको परिणाम स्वरूप ठूलो मात्रामा जनधनको क्षति हुने र जीविकोपार्जनमा प्रतिकूल असर पर्ने गरेको छ । पछिल्लो ४५ वर्षको अवधिमा नेपालमा ४०,००० भन्दा बढी व्यक्तिहरूले विपद्का कारण आफ्नो ज्यान गुमाएका छन् । उच्च मृत्युदरको अतिरिक्त, उक्त अवधिमा ७५,००० भन्दा बढी व्यक्तिहरू घाइते भएका छन् भने करिब तीस लाख मानिसहरू प्रभावित भएका छन् । यसैगरी, विगत ५ वर्षको तथ्याङ्क अनुसार नेपालमा बर्षेनी करीव १०,००० सडक दुर्घटना हुने गरेका छन् । जसकाकारण बर्षेनी करीब १,९०० व्यक्तिले ज्यान गुमाएका छन् भने करीब १३,००० व्यक्तिहरु घाईते हुने गरेका छन । वाढी तथा पहिरो नेपालमा सबैचन्दा बढी दोहोरिरहने प्रकोपहरु हुन् । हरेक वर्ष औसतमा करिब रु १ अर्ब २० करोड ८० लाख बराबरको सम्पत्ती क्षति प्रत्यक्ष बेहोर्नुपरेको । सबै असरहरुको क्षति तथा सेवाको अभाव एवम तिनका परिणमहरुको आधारमा जोडिएर आउने अप्रत्यक्ष क्षति माथि उल्लेखित सम्पत्तिको तुलनामा कयौं गुणा बढी भयावह तथा दीर्घकालिन प्रभाव पार्न सक्ने हुन्छन् ।

विपद्बाट हुनसक्ने सम्भावित मानवीय क्षति तथा धन सम्पत्ति र आधारभुत पूर्वाधारहरूमा हानीनोक्सानी कम गर्नका साथै विपद्को समयमा प्रभावकारी रुपमा मानवीय सहायता परिचालन गर्न विपद् पूर्वतयारीले महत्वपूर्ण भूमिका निर्वाह गर्दछ । तसर्थ विपद् पूर्वतयारी तथा आपत्कालीन प्रतिकार्यलाई मजबुत बनाउन जरुरी छ ।

प्रभावकारी विपद् पूर्वतयारीले विपद्को सामना गर्ने क्षमतालाई वृद्धि गर्छ र समुदायहरूलाई विपद् उत्थानशील बनाउन मद्धत पुर्‍याउँदछ । यसकालागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनमा संलग्न सम्पूर्ण सरोकारवाला निकायहरूको जिम्मेवारी प्रष्ट किटान गरी उनीहरूको पूर्वतयारी तथा प्रतिकार्य क्षमताका साथै स्रोत साधनको उपलब्धता सुनिश्चित गर्नु पर्दछ ।

### १.१.२ जिल्ला सन्दर्भ :

कपिलवस्तु जिल्ला नेपालको लुम्विनी प्रदेश अन्तरगर्त पर्ने एक जिल्ला हो । यस जिल्लाको कुल क्षेत्रफल १७३८ वर्ग कि.मि. रहेको छ । नेपालको मानचित्रमा यस जिल्लाको पुर्वमा रुपन्देही, उत्तरमा अर्घाखाँची, दक्षिणमा भारत तथा पश्चिममा दाङ्ग जिल्ला रहेका छन । जिल्लाको पुर्व पश्चिम सरदर लम्वाई ५४ किमि र उत्तर दक्षिण चौडाई ३२ किमि रहेको पाईन्छ र २७ "२५".देखि २७ "४९".उत्तरी अक्षांस र ८२ "४१".देखि ८३ "१४".अक्षांस पुर्वी देशान्तरमा अवस्थित रहेको यो जिल्लाको पुर्व पश्चिम सरदर ३३.५ माईल उत्तर दक्षिण २० माईल रहेको छ । शाक्य वंशीय राजा सुदधोधनको राजदरवार यसै जिल्लाको तिलौराकोटमा पर्दछ ६ न.पा. ४ गा.पा. र ३ निर्वाचन क्षेत्र रहेको यो जिल्ला विभिन्न जातजाती, धर्म र सम्प्रदायको संस्कृतिले भरिपुर्ण रहेको छ । धार्मिक, ऐतिहासिक तथा पुरातात्विक हिसावले यहाँ प्रशस्त तिर्थस्थलहरु रहेका छन् । विभिन नदिनाला र तालतलैयाले भरिपुर्ण यस जिल्लाका मुख्य नदिहरुमा कोठी, जमुवार, वाणगंगा, बेल, कुनुरुवा, अर्रा, जवई, सुरही र तालहरुमा जखिरा, वुडढी, लम्वुसागर, निगालीसागर, अजिगरा, वजाहा, सागराताल, जगदिशपुर ताल आदि रहेका छन् ।

### १.१.३. विजयनगर गाउँपालिका सन्दर्भ

संघिय संरचना अनुसार कपिलवस्तु जिल्ला लुम्विनी प्रदेशमा पर्दछ र जिल्लामा ६ वटा नगरपालिका तथा ४ वटा गाँउपालिका पर्दछ । ति १० वटा स्थानीय निकायमध्ये विजयनगर गाउँपालिका पनि विपद्बाट प्रभावित हुने क्षेत्र हो । साविकका गुगौली, पत्थरदेइया, खुरहुरीया र गणेशपुर गाविसहरु मिलाएर यो पालिका बनेको छ । यो पालिकाको भौगोलक अवस्था हेर्दा शिवराज नगरपालिका देखि भारतको सिमानासम्म जोडिएको छ । यसको पूर्व र उत्तरमा शिवराज नगरपालिका, पश्चिममा दाङ जिल्ला र भारत र दक्षिणमा कृष्णनगर नगरपालिका संग सिमाना जोडिएको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार यस पालिकाको जनसंख्या २१८८१ महिला र २१४१० पुरुष गरी कूल ४३२९१ जनसंख्या रहेको छ भने जम्मा ७०५९ घरधुरी रहेको छ । १७३.१९ वर्ग कि.मि.मा फैलिएर रहेको यो गाउँपालिकामा उर्वर भुमि पनि प्रशस्त रहेको छ । यसै पालिकाको नजिक पूर्वपश्चिम राजमार्ग पनि रहेकाले कृषि उत्पादन तथा बजारिकरणको उत्तीकै सम्भावना रहेको छ । वडास्तरीय विपद् जोखिम तथा क्षमता विश्लेषण गर्दा वडा नं. २, ५, ६ र ७ मा आगलागी प्रमुख प्रकोपको रुपमा रहेको छ भने प्रभाव सवै वडाहरुमा भएको कारण प्रमुख प्रकोपको रुपमा रहेको छ । पालिकामा विपद् जोखिम निम्त्याउने प्रकोपहरुमा सुख्खा खडेरी, महामारी, वाढी कटान, हावाहुरी, शितलहर, सडक दुर्घटना, जनावर आतंक, सर्पदंश, चटयाङ्ग, असिना र भुकम्प सुचिकृत गरिएका छन् । ऐतिहासिक घटनाक्रमलाई हेर्दा वडा नं. ५ र ७ उच्च जोखिममा रहेको छ भने अन्य वडाहरु मध्यम जोखिममा छन ।

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भू-क्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ । प्राकृतिक वातावरणमा असर पर्ने मानवीय गतिविधिका कारणबाट गाउँपालिका क्षेत्रमा अनियन्त्रित डढेलो, चरीचरन गर्ने प्रवृत्ति एवं खोलाबाट अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेतीतर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ । खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढदो देखिन्छ । मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरि नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले भूकम्पीय प्रकोपका कारण समेत यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकूल प्रभाव पारेको छ । यसक्रमलाई रोक्नको लागि तटबन्धनको व्यवस्था र ढल निकासको व्यवस्था मिलाउनुपर्ने देखिन्छ । त्यस्तै, मानव र वन्यजन्तु बीचको द्वन्द्वले विभिन्न किसिमका मानविय घटनाहरु घटने गरेका छन । अल्पकालीन, मध्यकालीन र दीर्घकालीन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालीन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालीन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरि वृक्षारोपण गर्ने र दीर्घकालीन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने, मानव र वन्यजन्तु बीचको द्वन्द्वलाई न्यूनीकरण गर्नेतर्फ काम अगाडि बढाउनुपर्ने देखिन्छ । उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ ।

**भौगोलिक अवस्था**

कपिलवस्तु जिल्लाको सदरमुकाम तौलिहवाबाट करिब ४० कि.मि. को दुरीमा रहेको विजयनगर गाउँपालिका भौगोलिक हिसाबले तराई क्षेत्रमा अवस्थित गाउँपालिका हो । यहाँको कुल क्षेत्रफल १७३.१९ वर्ग कि.मी. रहेको छ । यो गाउँपालिका समुन्द्र सतह देखि ९७ मिटर देखी ८८५ मिटर सम्मको उचाईमा रहेको छ भने भौगोलिक रुपमा ८२$^0$४१’४५.९०” देखि ८२$^0$५०’४.५३” पूर्वी देशान्तर र २७$^0$३२’५८.९९” देखि २७$^0$४६’२७.७४” उत्तरी अक्षांशमा फैलिएको छ । गाउँपालिकाको पूर्वमा शिवराज नगरपालिका, पश्चिममा दाङ जिल्ला र छिमेकी मुलुक भारत, उत्तर दिशामा दाङ जिल्ला तथा दक्षिणमा कृष्णनगर नगरपालिका रहेका छन । यहाँको अधिकांश भू-भाग समथर तराईको भूमि अन्तर्गत पर्ने हुँदा बालुवा र पाँगो मिश्रित अत्यन्त उर्वर माटो पाइन्छ । यहाँ उष्ण प्रकारको हावापानी पाइने हुँदा पुष र माघ महिनामा धेरै जाडो हुन्छ भने बैशाख, जेठ, असारमा अत्याधिक गर्मी हुने गर्दछ ।

**सामाजिक अवस्था**

गाँउपालिकामा मगर, थारु, मधेशी, मुस्लिम, ब्राम्हण, क्षेत्री, दलित तथा अन्य जनजातीहरुको बाहुल्यता रहेको छ । धार्मिक हिसावले मगर, थारु, भोजपुरी र नेपाली भाषा बोलिन्छ भने हिन्दु, मुस्लिम, बौद्ध तथा क्रिश्चियन धर्मावलम्वी रहेकाछन् भने आ-आफ्नो भेषभुषा, रहनसहन र जीवन शैली रहेको छ । मुख्य गरी यस क्षेत्रका बासिन्दाहरुले दशैं, तिहार, तीज, माघी, छठ, रमदान, वकरईद, होली, शिवरात्री, पिडवारी भव्यताका साथ मनाउछन ।

**शैक्षिक अवस्था**

साक्षरताको हिसाबले विजयनगर गाउँपालिका ६४.२५ प्रतिशत राक्षरता रहेकोछ । यस क्षेत्रमा सामुदायिक विद्यालयहरु ४५ वटा मा.वि., संस्थागत ७, वालविकास ४ वटा रहेको छ ।

**आर्थिक अवस्था**

पालीकामा अधिकांश घरपरिवारको आम्दानीको मुख्य श्रोत कृषि, पशुपालन, व्यापार व्यवसाय र वैदेशीक रोजगारी रहेको छ । यहाँ अधिकांश कृषकहरु धान, गहुँ, तोरी र मुसुरो लगायतको खेती गर्ने गर्दछन् । यसका साथसाथै पशुपालन व्यवसायलाई पनि मुख्य रुपमा लिएको पाइन्छ । कयौ युवाहरु वैदेशिक रोजगारमा पनि संलग्न रहेका छन् । कृषि पेशा संगसंगै यहाँका केही व्यक्तिहरु विदेशी नोकरीमा पनि रहेको पाइन्छ । त्यस्तै ईट्टा उद्योग स्टील साना उधोगहरु पनि आम्दानीको रुपमा रहेको छ

**प्राकृतिक स्रोतको अवस्था**

यस पालिकामा सामुदायिक, साझेदारी बनहरु दर्ता भई वन संरक्षण, संवर्धन तथा सदुपयोगको अवस्थामा रहेका छन् । व्यवस्थापनको प्रतिक्षामा रहेका नदीहरु सुरही, चिरही, भटनी, सेनुरी, अर्रा, छन् । ३७ वटा सार्वजनिक १०० भन्दा वढि नीजि पोखरीहरु रहेकाछन् ।

**जनसङ्ख्या विवरण**

| वडा नं. | घर संख्या | जनसंख्या | |
|---|---|---|---|
| | | म. | पु. |
| १ | ९५२ | २७८६ | २७२७ |
| २ | ११०६ | ३३७४ | ३२२८ |
| ३ | ११६९ | ३६४७ | ३६६९ |
| ४ | १०७० | ३०३४ | २७८३ |
| ५ | ८३३ | २८५९ | २८३५ |
| ६ | ८५३ | २५११ | २६२३ |
| ७ | १०७६ | ३६७० | ३५४५ |
| जम्मा | ७०५९ | २१८८१ | २१४१० |

**अपाङ्गताको विवरण**

| क्र.सं. | वर्ग | जम्मा |
|---|---|---|
| १ | शारीरिक अपाङ्गता | २९९ |
| २ | न्युन दृष्टि | १४० |
| ३ | दृष्टिविहिन | ५९ |
| ४ | वहिरोपना | ५० |
| ५ | न्युन श्रवण शक्ति भएका | ५१ |
| ६ | आखा नदेख्ने र वहिरोपना दुवै | २२ |

| | | |
|---|---|---|
| ७ | वोल्न नसक्ने | ४४ |
| ८ | मानसिक | ३० |
| ९ | वौद्धिक अपांगता | ३१ |
| १० | अनुवंशिय रक्तश्राव | ४ |
| ११ | अटिजम | ६ |
| १२ | वहु अपांगता | ५४ |
| जम्मा | | ७९० |

## १.२ योजनाको उद्देश्य

- विपदबाट हुनसक्ने जनधनको क्षति र साधन श्रोत र सँरचनामा पर्न सक्ने प्रतिकुल प्रभावको विश्लेषण गर्न ।
- विपदको समयमा तथा विपद पश्चात आउन सक्ने सम्भवित संकटलाई समयमै योजनाबद्ध तरिकाबाट विश्लेषण गरी बिभिन्न सहयोगी निकायको सहयोग तथा गाउपालिकको अग्रसरतामा पुर्व तयारी, खोज तथा उद्धार, राहत बितरण तथा पुर्नस्थापना कार्यलाई प्रभावकारी बनाउने ।
- स्थानीय तहमा रहेको विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता विश्लेषण गर्न र सोही बमोजिम विपद तथा जलवायुजन्य जोखिम व्यवस्थापनाका कार्यक्रमहरुलाई प्राथमिकीकरण गर्दै स्थानीय बिकास प्रकृयामा मुलप्रवाहीकरण गरी विपद तथा जलवायु उत्थानशिल समुदायको निर्माणमा योगदान गर्नु ।
- स्थानीय तहका नीति तथा बिकास कार्यक्रममा सबै क्षत्र र वर्ग (महिला, बालबालिक, जेष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तीहरु, दलित, आदिवासी, जनजाति, प्रकोप प्रभावित, जलवायुजन्य प्रभावित वा सङ्कटासन्न समुदाय तथा व्यक्तीहरु, मधेसी, मुश्लिम जस्ता वर्ग एवं नेपाल सरकारले लक्षित समुह भनी पारिभाषित गरेको वर्ग) को समानुपातिक सहभागिता सहभागिता सुनिश्चित गरी विपद जोखिम व्यवस्थापन तथा जलवायु परिवर्तन अनुकुलनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्नु ।

## १.३ योजनको आवश्यकता र महत्व

कपिलवस्तु जिल्लाको विजयनगर गाउपालिका बहुप्रकोपका हिसाबले जोखिममा रहेको छ, वर्तमान गाउपलिकाको स्थितिलाई विश्लेषण गर्ने हो भने यस पलिकाका स्थानिय बासिन्दाहरु विपद जोखिम न्युनिकरण, व्यवस्थापनलाई कसरी मुल प्रवाहिकरण गर्न सकिन्छ, जलवायु परिवर्तनले ल्याएको नकारात्मक असरहरुलाई कसरी अनुकूलन गर्ने भन्ने बारेमा खासै जानकारी नहुनाले वर्षेनी धेरै क्षति बेहोर्नुपर्ने स्थिति रहेको छ । यि कारणलाई विश्लेषण गर्दा वास्तविक रुपमा विपद पूर्वतयारी तथा व्यवस्थापन गर्ने विषयमा ज्ञान्, सिप र क्षमता बिकास गर्नु पर्ने अवस्था रहेको छ । विपद पछिको कार्यमा मात्र केन्द्रीत हुनु मात्र नभई विपद व्यवस्थापनका तीनवटा चरणहरुलाई केन्द्रीत गरी गर्नु पर्ने कृयाकलापहरुलाई अगाडी बढाउन नितान्त आवश्यक देखिन्छ । विपद सम्वन्धी सामना गर्ने समुदायको परम्परागत सिपलाई सुदृढिकरण गर्दै विपदसँग समाना गर्न सक्ने क्षमताको बिकास गरी हुन सक्ने भौतिक तथा मानविय क्षतिलाई कम गर्नको लागि र समुदायको क्षमता अभिवृदी गर्नको लागि नेपाल सरकार सङ्घिय मामिला तथा स्थानिय विकास मन्त्रालयले जारी गरेको स्थानिय विपद

तथा जलवायु उत्थानशिल योजना निर्देशिका २०७४ लाई आत्मसाथ गर्दै विपद उत्थानशिल समुदायको निर्माणको लागि निर्दिष्ट निर्देशिकामा भएका बिषयवस्तुको आधारमा योजना निर्माण गरिएको छ ।

## १.४ योजनाको सिमा

यो स्थानीय विपद् जोखिम तथा जलवायु उत्थानशील योजना तर्जुमा सञ्चालन गर्दा स्थानीय स्तरका सरकारी तथा गैरसरकारी संस्थाका प्रतिनिधिहरु, सुरक्षा निकाय प्रतिनिधि, स्थानीय विपद् व्यवस्थापन समिति, वडा कार्यालय, स्थानीय अगुवा, शिक्षक, समाजसेवी, अपांगता भएका व्यक्तिहरु, वाल क्लव, महिला स्वास्थ्य स्वयमसेविका, संकटासन्न समूहहरु लगायत अन्य बुद्धिजीविहरूको समेत सहभागितामा योजना तर्जुमा गरिएको छ । विपद जोखिम व्यवस्थापनाको योजना अन्तर्गत बनाएको गतिविधिहरुको कर्यान्वयनका लागि बढी मात्रामा वाहिरी श्रोतको भर पर्नुपर्ने अवस्था देखिन्छ । धेरै जसो कृयाकलापहरुको लागि आन्तरिक स्रोतको प्रस्ताव गरिएको छ भने ठूला आयोजना र कृयाकलापहरुको लागि केन्द्रिय, प्रादेशिक जस्ता बाहिरी श्रोतको प्रस्ताव गरिएको छ जुन कार्यको लागि पालिकाले स्रोत जुटाउन ठूलो भुमिका खेल्नुपर्ने देखिन्छ

- विभिन्न सरोकारवालासँग भएको श्रोतहरुलाई परिचालनमा सकारात्मक भए पनि सरकारी र गैरसरकारी संस्थाहरुको आर्थिक वर्ष र योजना तर्जुमा समय अगाडि पछाडी पर्नाले समयमै काम सम्पन्न गर्न चुनौती आउनसक्नेछ ।
- यस योजनामा उल्लेख भएको कृयाकलाप तथा बजेटको प्रतिवद्धताको लागि विभिन्न सरोकारवालहरुसंग बैठक बसी निर्धाण गर्नुपर्ने र गाउँपालिकाको परिषदबाट बजेट विनियोजनमा विपद् व्यवस्थापन समितिले प्रयास गनुपर्ने छ ।

## १.५ योजना निर्माण प्रक्रिया विधि

योजना तर्जुमा गर्दा तल उल्लेखित गरिएको विधि र प्रक्रियाहरु अपनाइएको छः

- योजना निर्माण गर्दा गाउँपालिकाका सरोकारवालाहरुलाई स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना तर्जुमा निर्देशिकाको अभिमुखिकरण गरिएको ।
- स्थानीय राजनीतिक दल, सरोकारवाला सरकारी तथा गैरसरकारी निकायको संलग्नतामा गाउँपालिका स्तरीय र योजना तर्जुमा उपसमिति गठन गरिएको ।
- स्थानीय विपद व्यवस्थापन समिति र योजना तर्जुमा उपसमितिलाई समुदायमा आधारित समावेशी विपद तथा जलवायु उत्थानशिल तथा संकटासन्नता तथा क्षमता आँकलन तालिम दिएको ।
- संकटासन्नता तथा क्षमता विश्लेषणका लागि स्थानीय विपद व्यवस्थापन समिति तथा योजना तर्जुमा उपसमितिको कार्य जिम्मेवारी बाँडफाँड गरिएको । थप जोखिम तथा क्षमताहरुको पहिचान गरी थप गरिएको ।
- गाउँपालिकाका सबै वडाहरुमा समुहगत छलफल मार्फत समुदायको संकटासन्नता तथा क्षमता अंकलन ।
- गाउँपालिका तथा अन्य संघसंस्थाहरुमा उपलब्ध सूचनाहरुको आधारमा गाउँपालिकाको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्थ क्षमता तथा संकटासन्नताको विश्लेषण ।

- स्थानीय विपद तथा जलवायु उत्थानशिल योजना निर्माण गर्दा विषयगत क्षेत्रमा पर्ने प्रभावहरुको विश्लेषण सहित प्रस्तावित कृयाकलापहरुको ५ वर्षको वजेट सहित योजना थप गरिएको ।
- वडा तथा गाउँपालिका स्तरको संकटासन्नता तथा क्षमता विश्लेषण प्रतिवेदन तयार ।
- वडास्तरीय विपद तथा जलवायु उत्थानशिलताका लागि विस्तृत कार्य योजना निर्माण ।
- स्थानीय विपद व्यवस्थापन समिति र योजना तर्जुमा उपसमिति तथा विकास तथा प्रकोप व्यवस्थापनको प्राविधिक सहयोगमा स्थानीय विपद तथा जलवायु उत्थानशिल योजनाको मस्यौदा तयार ।
- स्थानीय विपद तथा जलवायु उत्थानशिल योजनालाई पूर्णरुप दिन कार्यशालाको योजना गरि योजना सम्बन्धि सल्लाह, सुझाव संकलनका लागि कार्यशाला गोष्ठीको आयोजना ।
- आएका सल्लाह सुझावलाई अबलम्बन गर्दै स्थानीय विपद तथा जलवायु उत्थानशिल योजनालाई मुर्तरुप दिई योजना तर्जुमा उपसमितिले गाउँपालिकामा पेश ।

योजनाको निर्माण प्रक्रिया विधि निम्न ढाँचामा गरिएको थियोः

**स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा प्रक्रिया**



## १.६ योजनाको कार्यन्वयन रणनीति

- यो योजनालाई अनुमोदन गर्नका लागि र वैधानिकता दिनका लागि शुरुमा विपद् व्यवस्थापन समितिको बैठकबाट निर्णय गरिनेछ त्यस पछि गाउँपालिका वा गाउँ सभामा छलफल गरी पारित गरिनेछ ।
- स्थानीयस्तरका दक्ष तालीम प्राप्त जनशक्ति परिचालन गर्दै विपद तथा जलवायु उत्थानशिलतका लागि स्थानीय जनसमुदायको सहभागिता गराई समुदायको क्षमता विकास गरिने छ ।
- स्थानीय स्तरको परम्परागत सीप, शैली, क्षमता प्रवर्द्धनका साथै उजागर गरि विपद तथा जलवायु उत्थानशिलतका लागि प्रभावकारीरुपमा कार्यान्वयन गरिने छ ।
- योजनाको प्रभावकारीता कार्यान्वयन भए नभएको अनुगमन तथा सुपरिवेक्षणका लागि स्थानीय विपद तथा जलवायु उत्थानशिल समितिलाई परिचालन गराईनेछ ।
- पालिकाले योजनाको वाार्षिक पुनरावलोकन तथा समिक्षा गर्नेछ भने योजना निर्माण भएको ५ वर्ष भित्र बृहत पुनरावलोकन गरी परिमार्जन सहित अद्यावधिक गरिनेछ ।
- समुदाय स्तरका कार्यदलको तालिम तथा क्षमता अभिबृद्धिका लागि विपद् जोखिम न्युनिकरणको क्षेत्रमा कार्यरत सरोकारवाला संघ संस्थाहरुको सहभागितामा जोड दिइनेछ । विपद्को समयमा कार्यदलका तालिम प्राप्त सदस्यहरुलाई परिचालन गरिनेछ ।
- योजना कार्यान्वयनको लागि वडा तथा पालिकाबाट बजेट छुट्याइने छ भने अन्य सरकारी तथा गैरसरकारी कार्यालय तथा अन्य दातृ निकायसंग समन्वय गरिनेछ ।
- स्थानीय ज्ञान, सीप, विधि, प्रविधि र श्रोत तथा साधनको अधिकतम उपयोग गरी विपद् जोखिम व्यवस्थापनको योजनालाई प्रभावकारी रूपमा कार्यान्वयन गरिनेछ ।
- योजनाको कार्यान्वयन भए नभएको स्थानीय विपद् व्यवस्थापन समिति, विपद् पूर्वतयारी तथा प्रतिकार्य योजन अन्तर्गत बनेको ८ वटा विषयक्षेत्र (Cluster), पालिकामा अवस्थित विभिन्न सरोकारवाला संघसंस्थाहरुको अनुगमन तथा सुपरीवेक्षण गरिनेछ ।

## १.७ योजनाको अनुगमन, मुल्यांकन पुनरावलोकन तथा अध्यावधिक

- स्थानीय निकाय र स्थानीय विपद व्यवस्थापन समितिले योजना कार्यन्वयनको लागि नियमित अनुगमन तथा मुल्यांकन गर्नेछ ।
- मुल्यांकन गर्दा गाउँपालिका अन्तर्गतका संचालित कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकनका लागी तयार गरिएको सुचक वमोजिम नै गरिनेछ साथै उक्त अनुगमन तथा मुल्यांकन गर्ने संस्थाले सम्बन्धित निकायमा अनुगमन तथा मुल्यांकन प्रतिवेदन पेश गर्नुपर्ने हुन्छ ।
- नियमित अनुगमन तथा मुल्यांकनको आधारमा र समिक्षामा ५ वर्षभित्र योजनको पुरनरावलोकन गरी परिमार्जन सहित योजनाको नविकरण गरिने छ ।
- गाउँपालिकाको कुनै पनि क्षेत्रमा उत्पन्न विपद्ले संकटासन्नता, क्षमता र जोखिममा पारेको परिवर्तनलाई सम्बोधन गर्न प्रत्येक वर्ष योजनाको पुनरावलोकन तथा समिक्षा गरि वार्षिक कार्यक्रम तथा योजना तयार गरिनेछ ।
- विपद तथा जलवायु उत्थानशिलत कार्यलाई प्रभावकारी बनाउन प्रत्येक पाँच वर्ष भित्र योजनाको बृहत पुनरावलोकन गरी अध्यावधिक गरिनेछ ।

# खण्ड २ प्रकोप, सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषण

## २.१ प्रकोपको परिचान तथा स्तरीकरण

### २.१.१. प्रकोपको अवस्था

यो गाउँपालिकामा वहुप्रकोपको कारणबाट प्रभावित भईरहेकोछ । वडा नं. २, ५, ६ र ७ मा वढि र अन्यवडाहरुमा पनि आगलागी प्रमुख प्रकोपको रुपमा देखिन्छ । जनचेतनाको कमि, फुसले छायको घर तथा टहराहरु, जंगलको नजिक, सुख्खा खडेरी आदि कारण तथा जलवायु परिवर्तनले गर्दा आगलागी प्रकोप मात्र नभई विपद्को रुपमा देखा परेको छ । दोस्रो प्रकोपको रुपमा सुख्खा खडेरी रहेकोछ यसले वर्षेनी वालीनाली नष्ट भई उत्पादनमा कमि आउने र लाखौं रुपैयाँ बराबरको क्षति हुनेगरेकोछ ।

त्यसैगरी महामारी, वाढी कटान, डुवान, हावाहुरी, शितलहर, सर्पदंश, किरा तथा लामखुट्टेको आक्रमण, वन्य जन्तु आतंक, भुक्षय, असिना र भुकम्पले पनि विभिन्न समयमा विपद्हरु भएको देखिन्छ । समुदायसंगको छलफल तथा मौसमी पात्रोको आधारमा वर्षाको समयमा परिवर्तन भईपछि सर्दै गएको तथा वाढी तथा महामारी जन्य प्रकोप पनि पछाडी जाने गरेको पाईन्छ । जाडोको समय पनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयावधि बढिरहेको देखिन्छ ।

### २.१.२. प्रकोपको स्तरीकरण

समुदायमा विगतमा भएका र भविष्यमा आइपर्न सक्ने प्रकोप तथा जलवायुजन्य घटना र जनधनको क्षति तथा उपलब्ध क्षमताका आधारमा प्रकोपको सूची तयार गरी धेरै क्षति गर्ने प्रकोप पहिचान गरी स्तरीकरण गरीएको छ ।

| वडा नं. | वडा स्तरिय सरोकारवालाहरुको भेलाद्धारा वडा स्तरिय प्रकोप पहिचान तथा स्तरिकरण जोडा विधि मार्फत | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | ० | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० |
| १ | भुकम्प | महामारी | सुख्खा खडेरी | आगलागी | वाढी कटान, डुवान | हावाहुरी | शितलहर | सडक दुर्घटना | चटयाङ्ग | रोगकिरा | अशिनपानी |
| २ | भुकम्प | आगलागी | सुख्खा खडेरी | महामारी | जनावर आतंक | वाढी कटान | हावाहुरी | शितलहर | सडक दुर्घटना | चटयाङ्ग | अशिनपानी |
| ३ | भुकम्प | सुख्खा खडेरी | वाढी कटान | आगलागी | हावाहुरी | महामारी | जनावर आतंक | सडक दुर्घटना | शितलहर | चटयाङ्ग | अशिनपानी |
| ४ | भुकम्प | महामारी | वाढी कटान | आगलागी | सुख्खा खडेरी | हावाहुरी | शितलहर | सडक दुर्घटना | जनावर आतंक | रागकिरा | चटयाङ्ग |
| ५ | भुकम्प | आगलागी | सुख्खा खडेरी | वाढी कटान | महामारी | हावाहुरी | सडक दुर्घटना | शितलहर | जनावर आतंक | रोगकिरा | असिनपानी |
| ६ | भुकम्प | आगलागी | हावाहुरी | महामारी | सुख्खा खडेरी | शितलहर | सडक दुर्घटना | वाढी कटान | जनावर आतंक | रोगकिरा | चटयाङ्ग |
| ७ | भुकम्प | आगलागी | सुख्खा खडेरी | वाढी कटान | महामारी | सडक दुर्घटना | हावाहुरी | शितलहर | जनावर आतंक | रोगकिरा | असिनपानी |

२०८१ मा गाउँपालिकाको ७ वटा वडास्तरमा गरिएको स्तरिकरणलाई समायोजन गर्दै वडा विपद् व्यवस्थापन समिति र योजना तर्जुमा उपसमितिको छलफल तथा विश्लेषणको आधारमा समष्टिगत रुपमा गाउँपालिका भरीमा आगलागी वडा नं. २, ५, ६ र ७ मा पहिलो प्रकोपको रुपमा पहिचान भएकोछ । यसैगरी वडा नं. १ र ४ मा महामारी पहिलो प्रकोपको रुपमा आएको छ भने वडा नं. ३ मा सुख्खा खडेरी पहिलो स्थानमा आएको छ । यसरी समग्रमा पहिलो, दोस्रो, तेस्रो हेर्दा पालिकाभरि आगलागी पहिलो स्थानमा, सुख्खा खडेरी दोस्रो, महामारी तेस्रो तथा बाढी कटान, डुवान चौथो नम्वरमा परेको छ भने हावाहुरी, सडक दुर्घटना, जनावर आतंक, सर्पदंश, भुक्षय, रोगकिरा, शितलहर, चट्याङ्ग, असिनापानी पनी स्तरिकरणमा परेको छ ।

## २.२ प्रकोप विश्लेषण

प्रकोप विश्लेषण सामाजिक श्रोत नक्साङ्कन र सङ्कटासन्नता तथा क्षमता पहिचान, समस्या वृक्ष विश्लेषण, धरातलीय हिंडाइ, संस्थागत विश्लेषण, लक्षित समूह छलफल, प्रत्यक्ष अवलोकन समेतको प्रयोगबाट आएका सूचनाहरुको विश्लेषण नतिजालाई संक्षिप्त रूपमा तलको ढाँचामा उल्लेख गरिएको छ:

| क्र.सं. | वडा, वस्ती | प्रकोप वा समस्या | कारण | कारक तत्व | प्रभाव | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|---|---|---|
| १ | वडा नं. २, ५, ६, ७ मा पहिलो र अन्य वडाहरुमा पनी दोस्रो, तेस्रोमा परेको | आगलागी | • जथाभावी र लापर्वाही रुपमा आगो लगाउनु<br>• लाईटर सलाई बच्चोको पहुँचमा राखिनु<br>• जंगल छेउको वस्ती,<br>• चट्याङ्ग | • अव्यवस्थित घनासस्ती<br>• हावाहुरी चल्नु<br>• लापर्वाही आनीबानी<br>• खरले छाएको घर<br>• जनचेतनाको कमी<br>• सुख्खा मौसम अनि हावाहुरी चल्नु<br>• | **असर**<br>• वनजंगल विनास<br>• घर गोठ जल्नु<br>• भैतिक संरचना नाशिनु<br>**प्रभाव**<br>• आर्थीक अवस्था कमजोर<br>• जन, धन, पशुको क्षति<br>• दैनि कृयाकलापमा अवरोध<br>• बसाईंसराई<br>• विरामी हुनु, खर्च बढ्नु | • सचेतिकरण<br>• प्रर्याप्त पानी उपलब्ध<br>• कच्ची घर भए भान्सामाथि लिपपोत वा टाँड बनाउने<br>• खरको छानो मुक्त अभियान,<br>• दमकलमा सहज पहुँच |
| २ | वडा नं. ३ मा पहिलो र अन्य वडाहरुमा दोस्रो, तेस्रो मा | सुख्खा खडेरी | • लामो समयसम्म वर्षा नहुनु<br>• पानीको स्रोतहरु सुक्नु | • अनियमित वर्षा<br>• जलवायु परिवर्तन<br>• मरुभूमिकरण | • वालीनाली सुक्नु,उत्पादनमा ह्रास जसले गर्दा आम्दानीमा कमी, खाद्यन्न अभाव<br>• खानेपानीको | • सिंचाईको व्यवस्था<br>• जलवायुमैत्री कृषि खेती प्रवर्धन<br>• वनसंरक्षण र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | स्तरिकरण भएको | | ●सिंचाईको अभाव | ●विश्व उष्णिकरण<br>●पानीको स्रोतको दुरुपयोग<br>●वन विनास | अभाव<br>●जवलायुमैत्री कृषि खेती बारे जानकारी नहुनु<br>●महामारीको अवस्था हुन,<br>●आगलागीको अवस्था हुनु,<br>●तातोहावा वग्नु | बृक्षारोपण<br>●पोखरी संरक्षण |
| ३ | वडा नं. १ र ४ मा पहिलो र अन्य वडाहरुमा पनि तेस्रो चौथोमा स्तरिकरण भएको | महामारी | ●बाढी, खडेरी, भुकम्प जाँदा<br>●स्वास्थ्य सरसफाईको चेतनामा कमी<br>●खुल्ला दिसापिसा वगर्ने बानी<br>●जलवायु परिवर्तन<br>●विश्व उष्णीकरण | ●जाहाँपायो त्यहीको पानी सिधै खाने<br>●फोहरमैलाको व्यवस्थापनमा कमी<br>●सफासुघ्घर नगर्ने<br>●दिसा गरेपछि हात नधुने<br>●चर्पीको सदुपयोग नहुने<br>●कुनै खानेकुरा खानुअघि हात नधुने<br>●फलफुल नधोई खाने<br>●जनचेतनामा कमी<br>●अव्यवस्थित पशुपालन<br>●आर्थीक कमजोर<br>●सरसफाई भन्दा कामलाई प्राथमिकता | **असर**<br>●रोगव्यात्री झाडापखाला लाग्नु<br>●मनिस विरामी हुनु<br>●विभिन्न सरुवा रोगहरु फैलिनु<br>**प्रभाव**<br>●अकालमा ज्यान जानु<br>●पारिवारीक तनाव बढ्नु<br>●टाउको, आँखा दुख्ने<br>●शरिरीक तथा मानसिक रुपमा कमजोर<br>●गरिबी र खर्च बढ्ने | ●जनचेतना कार्यक्रम<br>●अनिवार्य चर्पीको प्रयोग गर्नुपर्ने<br>●पानी शुद्धिकरण गरेर मात्र खाने<br>●सरसफाईमा विषेश ध्यान दिने,<br>●खानपानमा ध्यान दिने |
| ४ | पालिका भरी | बाढी, कटान, डुवान | ●अत्यधिक वर्षा हुनु<br>●जलवायु परिवर्तनको | ●अव्यवस्थित ढल निकास<br>●जनचेतनाको कमी | **असर**<br>●धर भत्किनु<br>●अन्नवाली बगाउनु<br>●जमीन कटानी | ●सुरक्षित स्थान पहिचान<br>●बृक्षारोपण<br>●जनचेतना |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | प्रभाव | ●तिव्र जनसंख्या वृद्धि<br>●वन विनास<br>●होँचो स्थानमा वस्ती हुनु | पटानी हुनु<br>●पशुचौपाय मर्नु<br>**प्रभाव**<br>●समुदाय विस्थापित<br>●गरीबी बढ्नु<br>●महामारी फैलिनु<br>●मानविय क्षति<br>●चौतिक संरचना भत्किनु<br>●मानसिक तनाव<br>●उत्पादनमा कमी<br>●सर्पदंस फैलिनु | ●पूर्वतयारी सामाग्री<br>●आकस्मिक योजना<br>●पानी निकासको व्यवस्था<br>●राहतकोष<br>●सुरक्षित अश्रय स्थल स्थापना<br>●तटवन्धन,<br>●नदिजन्य उत्खननमा रोक |
| ५ | पालिकाभरी | हुरीबतास | ●रुख, विरुवा विनास हुनु<br>●सुख्खा मौसम<br>●भैगोलिक बनावट | ●वन तिब्र मासिनु<br>●जलवायु परिवर्तन<br>●कमजोर र अग्ला घरहरु निर्माण हुनु | ●घर भत्किनु<br>●चेटपटक लाग्नु<br>●मनिस घाईते हुनु<br>●आर्थीक भार बढ्नु<br>●जन, धन, पशुको क्षति<br>●छानाहरु उडाउनु<br>●भौतिक संरचनाको क्षति<br>●गरिबी बढ्नु | ●बलियो छाना सहितको घर बनाउनु<br>●होँचा र बलियो घर निर्माण गर्नु<br>●जनचेतना अभिवृद्धि<br>●आपत्कालिन योजना<br>●बृक्षारोपण गर्नु |
| ६ | पलिकाभर | शितलहर | ●लामो समयसम्म हुस्सु लाग्नु<br>●हिउँदे बर्षा<br>●हावाको वहाव | ●जलवायु परिवर्तन<br>●मरुभुमिकरण<br>●विश्व उष्णिीकरण<br>●वायुमण्डलिय चाप | **असर**<br>●निमोनिया<br>●नगदेवाली, फलफुल तरकारी वालीको नाश<br>**प्रभाव**<br>●वृद्धवृद्धामा दम बढ्नु<br>●रुघाखोकी लाग्नु<br>●मानिसको मृत्यु<br>●आर्थीक अवस्था कमजोर<br>●भोकमरी बढ्नु | ●तातो पानी पिउने<br>●आगो ताप्ने<br>●न्यानो लुगा लगाउने<br>●वालवालिकालाई घर बाहिर खेल्न नलगाउने<br>●वालवालिका, गर्भवती, सुत्केरी, दिर्घरोगी, सुत्केरीहरुको विशेष ध्यान दिने । |
| ७ | पालिकाभर | रोगकिरा | ●जलवायु | ●जलवायु | ●वाली नाली नष्ट | ●कम असर गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | परिवर्तन | परिवर्तन | गर्नु | खालका औषधी प्रयोग गर्ने,<br>●प्राङ्गारिक मलको प्रयोगमा जोड दिने, |
| ८ | पालिकाभर | सडक दुर्घटना | ●सडक तथा सवारीसाधनको अवस्था<br>●दक्ष जनशक्तिको अभाव<br>●सडक मर्मत संभारमा ढिलाई<br>●सडक क्षेत्र अतिक्रमण<br>●सवारी साधनको चाप बढ्दो<br>●लापर्वाही | ●सवारी नियमको फितलो कार्यान्वयन<br>●सार्वजनि सेवाको रुपमा भन्दापनि फाईदा लिने मात्र उद्धेस्यमा लिप्त सवारीचालक<br>●सडकनिर्माणमा कम गुणस्तर<br>●अव्यवस्थित सवारी चालक अनुमतिपत्र<br>●ट्राफिक सम्वन्धी जनचेतनाको कमी<br>●साँगुरो बाटो<br>●अव्यवस्थित पार्किङ<br>●छाडा पशुचौपाया | ●जनधनको क्षति<br>●शारिरीक अपांगता<br>●आर्थीक व्यय<br>●मानसिक तनाव | ●उचित सवारी नियम<br>●गुणस्तरीय सडक निर्माण<br>●ट्राफिक प्रशिक्षण केन्द्र संचालन गरी प्रशिक्षणको व्यवस्था<br>●ट्राफिक सचेतना कार्यक्रम संचालन<br>●ठाउँठाउँमा ट्राफिक बत्ति र संकेतको व्यवस्था<br>●पराकिलो बाटो, पार्किङ सहित भएको<br>●छाडा पशुचौपायको व्यवस्थापन |
| ९ | पालिकाभर | असिना | ●जलवायु परिवर्तन | ●जलवायु परिवर्तन | ●वालीनाली तथा अन्य भौतिक क्षति हुने<br>●चोटपटक लाग्ने<br>●खपटा र टायलको छानाहरुमा असर<br>●पशु तथा मान्छेहरु घाईते हुनू | ●वालीनालीमा विमा गर्ने<br>●कम्तिमा जस्तापाताको छाना प्रयोग गर्ने । |
| १० | पालिकाभरी उल्लेख | सर्पदंश | ●पानी निकासको | ●वर्षामा पानी प्रसस्त | ●मानिसको मृत्यु | ●ढल निकासको राम्रो प्रवन्ध |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | समस्या<br>●वर्षामा हिलाम्मे बाटो<br>●डुबान<br>●सडकबत्ति नहुनु<br>●जंगल नजिक वस्ती | भएकोले सर्प देखिने<br>●होँचाघरमा संगसंगै सर्प पस्ने<br>●राती अँध्यारोमा मानिस बाहिर तिर निस्कने<br>●रातीमा पानीमा माछामार्न जाने<br>●जंगली जनावर भुल्ने ठाँउ नहुनु,<br>●छाडा जनावरको व्यवस्थापन नहुनु | ●मानसिक तनाव<br>●चौपायाको क्षती | ●सडक उच्च बनाउने<br>●सडक बत्ति राख्ने<br>●सर्पदंश उपचार केन्द्रको स्थापना |
| ११ | पालिकाभर | किट तथा लामखुट्टे आतंक | ●पानी जम्ने<br>●सरसफाईमा कमी<br>●ज्लवायु परिवर्तन | ●होँचो जमीन भएकोले पानी जम्ने<br>●सरसफाईमा कमी<br>●गाईवस्तु घरनजिकै पाल्ने | ●लामखुट्टे तथा अन्य किराको टोकाईले अन्य जटिल र सरुवा रोग फैलिने<br>●उपचारखर्च बढी लाग्ने<br>●मानसिक तनाव<br>●किराले खेतीवाली नोक्शानी गर्ने | ●ढल निकासको राम्रो प्रवन्ध<br>●पानी जम्ने खाल्टो पुर्ने<br>●सरसफाई अभियान संचालन<br>●शरिर छोपिने गरी लुगा लगाउने<br>●झुलको व्यवस्था गर्ने<br>●वालीनालीमा रोग किरा नियन्त्रण गर्न प्राविधिक सहयोग लिने |
| १२ | पालिकाभर | वन्यजन्तुको आक्रमण | ●गाउँ नजिक वन<br>●वन्यजन्तु वस्ती तिर | ●वनजंगल विनास हुनु | ●मानिस मर्ने तथा घाईते हुने<br>●आर्थीक भारमा वृद्धि | ●वज्यजन्तु आवतजावत गर्ने स्थानमा तारवारको |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | आउने गर्नु<br>●सुरक्षित तारवार नहुनु | | ●पशुचौपायको क्षति<br>●अन्नवालिको क्षती | व्यवस्था गर्ने<br>●वनजंगल नमास्ने, वन्यजन्तुको वासस्थान नखल्बलाउने<br>●गाउँतिर आउने बाटोमा ठूला खाडल बनाउने |
| १३ | पालिकाभर | भुक्षय | ●नदी नियन्त्रण नगर्ने<br>●नदीमा पानीको वहाव बढ्दैजाने | ●नदीमा पानीको वहाव बढ्दैजान<br>●कमजोर भुसंरचना<br>●नदीको गहिराई पुरिँदै जाने<br>●चुरे संरक्षण नहुनु | ●उत्पादनशिल जग्गा घटेर उत्पादन घट्ने<br>●आर्थीक अवस्था कमजोर | ●नदी र जग्गा बीचमा तट्बन्धन बनाउने<br>●बृक्षारोपण गर्ने |
| १४ | स्तरीकरणमा उल्लेख नभएपनि राष्ट्रिय समस्याको रुपमा चित्रण गरिएको | भुकम्प | ●धरातलिय प्लेटहरु सर्नु<br>●ज्वालामुखी विस्फोट हुनु<br>●भुगर्च भित्र हलचल<br>●पृथ्वीभित्र ताप र चापका कारण | ●कमजोर भवन निर्माण<br>●भवन निर्माण आचासंहिता लागू नगर्नु<br>●भुकम्प प्रतिरोधात्मक घरहरु नबन्नु<br>●घर निर्माणमा गुणस्तरहिन सामाग्रीको प्रयोग हुनु<br>●भु-वनोट<br>●गरीबीले राम्रो घर बनाउन नसक्नु<br>●समुदायमा प्राविधिक ज्ञानसीप नहुनु | **असर**<br>●भौतिक संरक्षचना ध्वस्त<br>●जनधनको क्षति<br>**प्रभाव**<br>●मानसिक तनाव, मानसिक सन्तुलन गुम्न सक्ने<br>●करेन्ट सर्ट भएर वा मट्टितेल ग्याँस लिक भएर आगलागी हुनसक्ने<br>●फोहरको कारण महामारी फैलिन सक्ने<br>●बसाईसराई<br>●गरिवी बढ्नु | ●सुरक्षित स्थानको पहिचान तथा निर्माण<br>●भ्वन निर्माण आचासंहिता राम्ररी पालना गर्ने<br>●भ्कम्प प्रतिरोधात्मक घर, विद्यालय र कार्यालयहरु ब्नाउने<br>●भुकम्प सुरक्षा पूर्वतयारी गर्ने, सामाग्रीको व्यवस्था गर्ने<br>●आपत्कालिन योजना<br>●पूर्व अभ्यास गर्ने |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | ●व्यवस्थित खानेपानी<br>●जोखिम स्थानमा गरुङगो सामान नफ्ुन्ड्याउने |

माथिको तालिकालाई अध्ययन गर्दा वर्षेनि रुपमा भइरहेको आगलागी वार्ड नं २, ५, ६ र ७ का लागि उच्च समस्याको रुपमा आएको देखिन्छ तथापि अन्य वार्डहरुमा समेत आगलागीको कारण असर परिरहेको तथा क्षति भएको पाईन्छ ।

यो गाउँपालिकाको दोस्रो विपद्को रुपमा सुख्खा खडेरी आएको छ जसका कारण बर्षेनि धान, गहुँ, आलु, टमाटर, तोरी, मसुरो जस्ता बालीहरु नष्ट हुन गई लाखौं रुपैयाँ बराबरको क्षति हुने गरेको पाइयो।

वार्ड नं १ र ४ मा महामारी मुख्य विपद रहेको पाइएको छ । यसैगरी बाढी कटान, डुवान, हावाहुरी, रोगकिरा, असिनापानी, सर्पदंश, किरा तथा लामखुट्टेको आक्रमण, भूक्षय र भुकम्प गरि विभिन्न किसिमका विपद्को सामना स्थानीय स्तरमा भोगिरहेको तथ्य आएको छ । तर समुदायसंगको छलफल तथा मौसमी पात्रोको आधारमा वर्षाको समयमा परिवर्तन भई पछि सर्दै गएको बाढी तथा माहामारी जन्य प्रकोप पनि पछाडी जाने गरेको पाईन्छ भने जाडोको समय पनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयाबधी बढिरहेको छ।

गाउँपालिका तथा वडाका विभिन्न किसिमका समुह, संघसंस्था तथा कार्यालयहरुले कार्यक्रम गरिरहेका भएपनि निर्णायक तहमा महिला फरक किसिमले सक्षम तथा बिपन्न तथा दलित वर्गको सहभागिता कम पाईयो । यद्यपि सहभागिताका हिसाबबाट प्रतिनिधि राखिएको भएपनि उनीहरुको भुमिका खासै नखोजीने कुरा छलफलको क्रममा पाईयो।

गाउँपालिका भित्र सडक संजाल बिस्तारको स्थिति राम्रो देखिएपनी कतिपय ग्रामीण सडकहरु होचो, ग्राभेल नगरिएको, साँगुरो तथा आवश्यक मात्रामा कल्भर्ट पुल नबनाईएको र भएको पनि जिर्ण अवस्थामा रहेकाले वर्षाको समयमा डुबान हुने तथा हिलाम्मे हुने गरेकोले आवतजावतमा समेत कठिनाइ भईरहेको छ । जसका कारण बाढी प्रभावित भैहालेमा समेत तत्काल गर्नुपर्ने राहत उद्दारको कार्य पनि प्रभावित हुनेछ र हुने गरेको पनि थियो ।

उत्पादनशिल जमिन भए पनि सिंचाईको असुबिधा, रोग किराको आक्रमण, वन्य जन्तु, छाडा चौपाया, शितलहर, खडेरी तथा असिनाले वर्षेनी लाखौं बराबरको नोक्सानी व्यहोर्नु परिरहेको छ । त्यसका अलावा उर्वर माटो तथा जमिनको क्षति पनि हुने गरेको छ । सामुदायस्तरमा बहु प्रकोपको व्यवस्थापन तथा विपद तथा जलवायु परिवर्तन सम्बन्धि जनचेतनामा कमि देखिन्छ । त्यसैले स्थानीय समुदायमा बहु प्रकोप व्यवस्थापन तथा जलवायु अनुकूलन सम्बन्धि जनचेतना वृद्धि गरि समुदायको विपद सङ्ग सामना तथा जलवायु अनुकुलन गर्न सक्ने खेती प्रणाली सम्बन्धि क्षमताको बिकास गर्न सके यस गाउँपालिकामा विपद तथा जलवायु परिवर्तनको असर कम हुने तथा आर्थिक क्षति कम गर्न सक्ने कुरा स्पष्ट हुन्छ ।

### २.२.१ ऐतिहासिक समय रेखा

समुदाय र गाउँपालिका तथा वडाभित्र विगतमा कुन प्रकोपबाट कस्तो विपत्ति परेको थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ । यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति, त्यसले पुऱ्याउने भौतिक, सामाजिक, आर्थिक, मानवीय वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न यो प्रयोग गरिएको छ ।

| क्रं सं. | प्रकोप | वर्ष | स्थान समुदाय तथा वडा) | क्षतिको विवरण |
|---|---|---|---|---|
| १ | बाढी | २०६४ २०७९, | वडा नं. १ विशुवा, जोवावैरठ | • २ जना को मृत्यु, १ जना वगाएर वेपत्ता<br>• १२ घर डुवानमा, लाखौको धान नष्ट |
| २ | | २० वर्ष भित्र २०७९ | वडा नं. २ | • २० विगाहा जमिन कटान,<br>• लाखौको धानवाली नष्ट |
| ३ | | २० वर्ष भित्र | वडा नं. ३ | • ४ जनाको मृत्यु<br>• लाखौको धानवाली नष्ट |
| ४ | | २० वर्षमा | वडा नं. ४ | • विगाहाऔ कटान<br>• लाखौको धानवाली नष्ट |
| ५ | | २० वर्षमा | वडा नं. ५ | • १०० औ विगाहा जमिन कटानमा<br>• लाखौको धानवाली नष्ट |
| ६ | | २० वर्षमा | वडा नं. ६ | • निरन्तर कटान भईरहेको<br>• लाखौको धानवाली नष्ट |
| ७ | | २० वर्षमा | वडा नं. ७ | • निरन्तर कटान भईरहेको,<br>• पोखरी तथा इनारमा डुवेर ६ जनाको मृत्यु<br>• लाखौको धानवाली नष्ट |
| १ | महामारी | २०७७ | वडा नं. १ | • कोभिडावाट ३ जनाको मृत्यु |
| २ | | तिनधारा जलैयामा | वडा नं. २ | • ४ जना झाडापखालाको कारण मृत्यु |
| ३ | | २०७७ | वडा नं. ३ | • कोभिडवाट ३ जनाको मृत्यु, हैजा महामारी फैलिएको |
| ४ | | २०७७ | वडा नं. ५ | • कोभिड र हैजा फैलिएको |
| ५ | | २०७७ | वडा नं. ६ | • कोभिडवाट १ जना मानीस मरेको |
| ६ | | २०७७ | वडा नं. ७ | • १ जना कोभिडवाट मरेको, |
| १ | आगलागी | २०७३ २०७६ | वडा नं. १ | • १८ घर जलेर नष्ट, वाखा, वंगुर, गोरुको जलेर नष्ट<br>• २२ वटा घरहरु ३ वटा भैसी जलेर नष्ट, |

| | | | | |
|---|---|---|---|---|
| २ | | प्रत्येक वर्ष | वडा नं. २ | • १०० भन्दा बढि घर जलेको, १ जना मान्छे मरेको, चौपायाहरु २० औ मरेको |
| ३ | | २०६३ | वडा नं. ३ | • द्धन्दमा १०० घर जलेको, गाविस भवन जलेको<br>• ५ जनाको मृत्यु |
| ४ | | २०६५<br>२०७४ | वडा नं. ४ | • ३० घर जलेको, केहि चौपायाहरु जलेको<br>• ३५ घर जलेको, भैसी मरेको |
| ५ | | २०६४<br>२०७९<br>२०८० | वडा नं. ५ | • १४४ घर जलेको,<br>• २६ घर जलेको, चौपायाहरु मरेका<br>• ३३ घर जलेको |
| ६ | | २०६७ | वडा नं. ६ | • डिहवा खजानी २५ घर जलेर क्षती भएको |
| ७ | | २०७३ | वडा नं. ७ | • गेडुवाजोत ७० घर जलेको, ३ जना मानिस मरेको, गाई वाखाहरु मरेको। |
| १ | भुकम्प | २०७२ | पालिकाभरी | • केही घरहरु चर्केका। |
| १ | सुख्खा खडेरी | प्रत्येक वर्ष | पालिकाभरी | • वालीनालीमा ह्रास, खानेपानी समस्या, महामारीहरु वेहोरिरहेको। |
| १ | हावाहुरी | २०८१ | वडा नं. १ | • २० घर उडाएको, |
| २ | | २०८१ | वडा नं. २ | • १०० घरहरुमा क्षती उडाएको, ५ जना घाईते |
| ३ | | २०८१ | वडा नं. ३ | • ६० घरहरु उडाएको, १ जना घाइते भएको |
| ४ | | २०८१ | वडा नं. ४ | • १५ घरहरु उडाएको, २ घर विस्तापित |
| ५ | | २०८१ | वडा नं. ५ | • २ फ्याक्ट्रीमा क्षती, विधुतको पोलहरु ढलेको, कुखुराको खोरहरुमा क्षती |
| ६ | | २०८१ | वडा नं. ६ | • ५० घरहरु उडाएको, ३ जना घाईते |
| ७ | | २०८१ | वडा नं. ७ | • विद्यालयको छाना उडाएको, वाल ढलेको, १०० भन्दा बढि पोलहरु ढलेको, रुख ढलेर वडा कार्यालयमा क्षती |
| १ | सडक दुर्घटना | २०८० | वडा नं. २ | • १ जनाको मृत्यु १ जना घाइते |
| २ | | २० वर्षमा | वडा नं. ५ | • १२ जना भन्दा बढि मरेको |
| १ | जनावर आतंक | निरन्तर | पालिकाभरी | • चितुवाहरुले वाखााहरु खाने, वदेल, वादरहरुले दुख दिने, ५ जना सर्पको टोकाइवाट मरेको। |
| १ | पशु महामारी | निरन्तर | पालिकाभरी | • वर्षै पिच्छे १०० को संख्यामा चौपायाहरु मर्ने गरेको। |

**वडाहरूको सङ्कटासन्नता स्तरिकरण**

सङ्कटासन्नता स्तरीकरणः विगतको ३० वर्षको समय रेखाबाट आएको सूचनाको आधारमा क्षति विश्लेषण गरी त्यसबाट प्राप्त अङ्कभारलाई जोडेर समुदाय र वडाको उच्च, मध्यम र न्यून गरी तीन वर्गमा निम्नअनुसार सङ्कटासन्नता स्तरीकरण गरिएको छः

विजयनगर गाँउपालिका, कपिलवस्तु

| वडा नं. | मानविय क्षति | प्रभावित परिवार | घरको क्षति | आर्थिक क्षति | खेतीयोग्य भूमि र वनक्षेत्रको क्षति | सामाजिक क्षति | विगतमा भएका विपद्का घटनाक्रम | बालि लगाउने वा भित्राउने समयमा आएको परिवर्तन | तापक्रममा आएको परिवर्तन | जोखिमले भविश्यमा पार्न सक्ने असर | स्रोतको उपलब्धता तथा पहुँच | संस्थागत क्षमता | जनसंख्याको विश्लेषण | स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधि | जम्मा अंकभार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४ | २ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | २ | २ | २ | २ | २ | ३५ म |
| २ | ६ | २ | २ | ३ | २ | २ | ३ | ३ | ३ | २ | २ | २ | २ | २ | ३६ म |
| ३ | ६ | ३ | २ | ३ | २ | २ | २ | ३ | ३ | ३ | २ | २ | २ | २ | ३७ म |
| ४ | ४ | ३ | २ | २ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | २ | २ | ३५ म |
| ५ | ६ | ३ | ३ | ३ | २ | २ | ३ | ३ | ३ | ३ | २ | २ | २ | २ | ३८ उ |
| ६ | ४ | ३ | २ | ३ | ३ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | २ | ३७ उ |
| ७ | ६ | २ | ३ | ३ | २ | २ | ३ | २ | ३ | ३ | ३ | २ | २ | २ | ३८ उ |

माथिको स्तरिकरणको नतिजा अनुसार विगत २०, ३० वर्षको विपदको ऐतिहासिक घटनाक्रम, तिनिहरुले पुरयाएको क्षती, सम्भावित क्षती भोगाई तथा सिकाईहरुलाई मध्येनजर गर्दै गरिएको विष्लेशणमा सवै भन्दा वढि अंक प्राप्त गर्ने वडाहरु ५ र ७ उच्च संकटासन्नतामा परेको छ भने वाँकी वडाहरु मध्यम संकटासन्न अवस्थामा रहेको छ ।

## २.२.२. प्रकोप पात्रोः

प्रकोपको अवस्थामा आएको परिवर्तन बारे जानकारी हाँसिल गर्न यस पात्रोको सहयोग लिने गरिन्छ । यसमा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समयरेखा तयार गरी करिब ३० वर्ष पहिले र हालको तुलनात्मक अध्ययन गरिन्छ ।

| प्रकोप | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हुरीवतास | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| किरा, लामखुट्टेको आक्रमणा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भुक्षय | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| भुकम्प | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

***स्रोत : WDMC संग छलफल २०८१***

माथि उल्लेखित तालिकामा विजयनगर गाउँपालिकामा हुने विपद्हरु कुन समयमा आउने गर्दछन् सोको विश्लेषण गरी प्रकोप पात्रो तयार गरिएको थियो । यो योजनाको पुनरावलोकन गर्दा ति प्रकोपहरु पहिले र अहिलेको समयान्तरको समेत विश्लेषण गरिएको छ । तालिकामा उल्लेख भए अनुसार बाढी पहिले असारदेखि असोजसम्म आउने गर्थ्यो भने अहिले असारदेखि कार्तिकसम्म आउने गर्छ । आगलागि पहिले फाल्गुणदेखि जेठसम्म हुने गर्थ्योभने अहिले चैत्रबाट जेठसम्म हुनेगर्छ ।

माहामारी बैशाखदेखि भाद्रसम्म हुने थियो भने अहिले असोजसम्म बढेको देखिन्छ । शितलहर पुष र माघसम्म हुनेमा आजभोलि मंसीरसम्म देखिन लागेकोछ । सडक दुर्घटना र भुकम्प कुनैपनि बेला वर्षभरी आउनसक्नेको रुपमा राखिएकोछ । लामखुट्टेको प्रकोप गर्मीको समयमा हुने गरेपनि अहिले जाडोको समयमा पनि देखिन लागेको छ । वर्षा, खडेरी, शीतलहर तथा अन्य जलवायुजन्य प्रकोपहरु जलवायु परिवर्तनका कारण समय अनुसार परिवर्तन भएको पाईन्छ ।

### २.२.३ मौसमी पात्रो

स्थानीय मौसम र मौसमी अवस्थामा आएको परिवर्तन बारे जानकारी हाँसिल गर्न यस पात्रोको सहयोग लिने गरिन्छ । मौसमी पात्रो सम्बन्धी जानकारी हाँसिल गर्न विगतका करिब ३० वर्ष पहिले र हालको तुलनात्मक अध्ययन गरिन्छ । यस विधिको प्रयोगबाट समुदायमा रहेका वा देखापर्ने मुख्य मुख्य मौसमी घटनाहरु के के हुन् र उक्त मौसमी घटनामा समुदायले के कस्तो परिवर्तको महसुस गरेका छन् भन्ने जानकारी सङ्कलन गरिएको थियो ।

| विवरणा | | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कात्तिक | मङ्सिर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| वर्षा | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मि | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| शीतलहर | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*स्रोत : WDMC बैठक,*

### २.२.४ बाली पात्रो

योजनाको पुनरावलोकनको क्रममा प्रस्तुत औजार समुदायमा जीविकोपार्जनका लागि कुन कुन समयमा कुनकुन उत्पादन प्रणाली तथा उत्पादन प्रणाली भित्रका कृयाकलापमा निर्भर छन् भन्ने जानकारीका लागि प्रयोग गरिएको थियो । यसका अतिरिक्त कुन समयमा के कस्ता क्रियाकलारु हुन्छन् र विगत र अहिलेको उत्पादन प्रणालीमा के कस्तो परिवर्तन देखा पऱ्यो भन्ने जानकारी पनि यसै औजार मार्फत सङकलन गरिएको थियो ।

| विवरण ा | समय | वैशाख | जेठ | असार | साउन | भदौ | असोज | कार्ति क | मंसीर | पुस | माघ | फागुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| धान रोप्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गहुँ लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तोरी छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| मुसुरो छर्ने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आलु लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| उखु लगाउने | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

***स्रोत : WDMC संग छलफल***

बाली पात्रोलाई विश्लेषण गर्दा उत्पादन प्रणालीमा परिवर्तन आएको देखिएन तर खेती गर्ने समय र अन्न भित्राउने समयमा केही परिवर्तन आएको देखिन्छ ।

## २.३. गाउँ तथा वडाको सम्पन्नता स्तरीकरण

वडाहरुको संकटासन्न स्तरीकरण विगतमा भएको क्षति तथा भविश्यमा हुनसक्ने क्षतिलाई आधार मानेर तयार गरिएको छ । बिगतका भएका घटना तथा त्यसबाट भएका क्षतिको विवरण समुह

छलफलबाट आएको स्तरीकरण नतिजा तथा अन्य सुचनाहरु वडा कार्यालय तथा निर्वाचित प्रतिनिधिहरुको सुझावको आधारमा गरिएको थियो । वडाको संकटासन्न स्तरीकरणको आधार बाढी, खडेरी, शीतलहर, महामारी, जनावर आतंक, आगलागि, भुकम्पलाई लिईएको थियो । वडाका घरधुरीहरुलाई उच्च, मध्यम र न्युन संकटासन्नको रुपमा वर्गीकरण गरिएको थियो:

| वडा नं. | उच्च संकटासन्न घरधुरी | मध्यम संकटासन्न घरधुरी | न्युन संकटासन्न घरधुरी | जम्मा | पुष्ट्याईंका आधारहरु |
|---|---|---|---|---|---|
| १ | ३७४ | ३०२ | २७५ | ९५२ | होंचो स्थानमा घर भएका, आर्थीक अवस्था कमजोर भएका र निरन्तर रुपमा विपद्बाट प्रभावित परिवारको अवस्था, फुसको छानाको घर, विपद सम्वन्धि ज्ञान, आर्थिक अवस्था, सरसफाईको अवस्था, |
| २ | ३४५ | ४६७ | २९४ | ११०६ | |
| ३ | २९५ | ५१३ | ३६१ | ११६९ | |
| ४ | २६७ | ४३२ | ३७१ | १०७० | |
| ५ | १९५ | ४२१ | २१७ | ८३३ | |
| ६ | २०१ | ३९९ | २५३ | ८५३ | |
| ७ | ३०४ | ४०५ | ३६७ | १०७६ | |
| **जम्मा** | १९८२ | **२९३९** | **२१३८** | ७०५९ | |

*स्रोत : स्थलगत अध्ययन, अवलोकन तथा वडा स्तरिय छलफल २०८१*

### २.३.१ जिर्ण अवस्थामा रहेका सार्वजनिक संरचनाहरु

| वडा न. | संरचनाको नाम | अवस्था | कैफियत |
|---|---|---|---|
| १ | • रामसोतिया घोलामा रहेको कल्भर्ट<br>• मननगरा भित्रको कल्भर्ट<br>• अर्रा प्रावि र थरौली आवि | जिर्ण<br>जिर्ण<br>जिर्ण | मर्मत गर्नुपर्ने |
| २ | • महुवावारीको कल्भर्ट<br>• पडरियाको शिव मन्दिर<br>• पडरौनाको शिव मन्दिर | जिर्ण<br>जिर्ण | मर्मत गर्नुपर्ने |
| ३ | • स्वास्थ्य चौकी भवन<br>• प्रहरी चौकी<br>• भुवनेश्वरी र जनता प्रावि | जिर्ण<br>जिर्ण | मर्मत गर्नुपर्ने |
| ४ | • डगडौवाको मदरसा | जिर्ण | मर्मत गर्नुपर्ने |
| ५ | • विश्वाघोलाको पुल<br>• स्वास्थ्य चौकी भवन | जिर्ण<br>जिर्ण | मर्मत गर्नुपर्ने |
| ६ | • कोटहीमाई मन्दिर<br>• जुटपानी शिव मन्दिर | जिर्ण<br>जिर्ण | मर्मत गर्नुपर्ने |
| ७ | • मानपुर विद्यालय भवन | जिर्ण | मर्मत गर्नुपर्ने |

## २.४. गाउँपालिकाको क्षमता विश्लेषण

गाउँपालिकामा रहेको बिद्यमान संकटासन्नता र जोखिमको सामना गर्न, गाउँपालिकाले ब्यवस्थापन गर्न सक्ने गाउँपालिका भित्र वा बाहिर रहेका क्षमताहरु के कस्ता छन भनेर पहिचान गर्दा तल उल्लेखित क्षमताहरु देखिएको छ

- पुर्व पश्चिमी राजमार्गको नजिक, हुलाकी सडक, आरटिओ रोड गाउँपालिका भित्र छ भने गाउँको बाटोहरु पनि केही मात्रामा कालोपत्रे गरिएको छ । सबै गाउँलाई जोड्नेगरी सडक संजाल रहेको छ तथापी सडकहरु ग्राभेल तथा कच्ची छन् । गाउँपालिका भरी केही पुल पुलेसा तथा कल्भर्टहरु रहेका छन् । सबै गाउँपालिका भित्र ४५ वटा सामुदायिक विद्यालय र संस्थागत तथा नीजि गरी ७ वटा बिद्यालय रहेको छ, ४ वटा वालविकास केन्द्रहरु पर्दछ्न । गाउँपालिका भित्र यातायातका साधहरु पनि प्रशस्त रहेका छन् । कृषि कार्यको लागि टोलटोलमा ट्रयाक्टर, थ्रेसर, हार्भेस्टर, टिलरहरु छन र सामुदायलाई आवश्यक परेमा भाडामा उपलब्ध हुनेछ । यातायातका साधनहरु प्रसस्त रहेको पाईयो । गाउँपालिका भित्र महिला समूह १०० भन्दा वढि, आयआर्जनमा लागेका महिला समूह, अपांगताहरुको संजाल, युवा क्लव ४, वाल संजाल तथा क्लवहरु ३६ वटा, बचत समूह तथा सहकारी संस्थाहरु १२ वटा र अन्य बित्तीय संस्था ५ वटा, उद्योग कारखाना रहेको पाईयो । उद्योगहरुमा खाद्यान्न, समाजमा फरक क्षमता भएका ब्यक्तिहरु मिली आफ्नै संस्था तथा संजाल तयार गरी वडा स्तरमा कार्यरत रहेको समेत पाईयो ।
- गाउँपालिका भित्र विभिन्न ठाउँमा कुवा, नदी घोला गरी ८ वटा, नीजि ताल १०० भन्दा माथी, खेलमैदान ४ वटा, सार्वजनिक पोखरी ३७ वटा, गांउपालिकाको करिव ४८ प्रतिशत भुभाग वनजंगल रहेको छ । विभिन्न स्थानमा गरी सामुदायिक भवनहरु, आपतकालीन अवस्थाका लागि ट्युव , लाईफ जाकेट, साईरन र ह्यान्डमाईक, नेपाल प्रहरी, शसस्त्र प्रहरी, गाँउपालिकामा सामान्य खोज उद्धारको सामग्रीहरु रहेको पाईयो । पुर्व सूचना प्रणालीको लागि नदिको तहको विषयमा टेलिकमले जानकारी दिने गरेको पाईयो । खोज तथा उद्धार सम्बन्धी तालिम प्राप्त २ जना शसस्त्र प्रहरी रहेका छन् । यस गाउँपालिका ६ वटा प्रहरी कार्यालयहरु, १ शसस्त्र प्रहरी कार्यालय रहेको छ । महिला स्वास्थ स्वयंसेविका, ३६ जना स्वास्थ्य कर्मिहरु, कृषि प्राबिधिक, १९० जना शिक्षक, कर्मचारी, २७१ सिकमी तथा ५६७ जना डकमी तथा केही दक्ष दर्जी र सवारी चालक पनि रहेको तथ्यांक रहेको छ । यस गाउँपालिकामा सामुदायिक भवन, पाटी पौवा  , खानेपानी आयोजनाहरु, रहेको छ साथै धार्मिक हिसाबले पनि यस ठाउँ धनी रहेको छ जहाँ मठ मन्दिर, मस्जिद, ईदगाहा र चर्चहरु रहेका छन् ।
- यस गाउँपालिकामा कटान र जंगल र वस्ती वाहेक सवै खेती योग्य जमिन र सिंचाईको लागि बोरिङ, पोखरी रहेको कुरा सामुदाय स्तरमा तथ्यांक संकलनमा आएको थियो भने यहाँका मानिसहरुको मुख्य पेशा तथा आयस्रोत कृषि रहेको भएतापनि वैदेशिक रेमिट्यान्स पनि उल्लेख्य रहेको छ । केही कृषकहरुले व्यवसायिक रुपमा केरा, तरकारी र उखु खेती गरिरहेका छन् । केही मानिसहरु विभिन्न क्षेत्रका जागीरहरुमा संलग्न छन् भने ८ देखि १० प्रतिशत मानिसहरु व्यापार व्यवसायमा संलग्न छन् ।
- गाउँपालिकामा विभिन्नं सेवा प्रदायक संस्थाहरुले शिक्षा, स्वास्थ, खानेपानी, सुरक्षा, संचार, सहकारी बैंक जस्ता विभिन्न क्षेत्रमा समुदायलाई सेवा दिईरहेका छन् भने केही गैरसरकारी

संस्थाहरुले विपद व्यवस्थापन, चेलीबेटी बेचबिखन, मातृशिशु सुरक्षा जस्ता बिषयमा कार्यक्रम संचालन गरिरहेका छन् । विभिन्न विपद्को सामना गर्नका लागि यस गाउँपालिकामा केही मात्रामा स्थानीय स्रोत साधनहरु उपलब्ध भएपनि स्रोतको उच्चतम प्रयोग गर्न सक्ने क्षमताको अभाव देखिएको छ । विगतको वर्षहरुको अनुभवको आधारमा यस गाउँपालिकाले विपद्को सामना गर्नका लागि यस वर्ष सम्भाव्य समुदाय तथा पुरै वडामा सतर्कता देखाएको देखिन्छ । यस गाउँपालिकाले विपद जोखिम व्यवस्थापन गर्नका लागि समिति र उपसमितिहरु तथा कार्यदलहरु गठन गरिसकेको छ भने स्थानीय विपद व्यवस्थापन कोष समेत खडा गरेको पाईयो ।

## २.५ जोखिम पहिचान तथा विश्लेषण

धरातलिय अवलोकन, विश्लेषणको आधारमा सडक तथा यातायातको अवस्था मध्यम खालको देखिन्छ । वर्षाको समयमा ग्रामीण भित्री सडकहरु डुब्ने तथा हिलाम्मे हुने गरेकोले यातायातमा समस्या आउने गरेकोछ । हुलाकी सडक, आरटिओ सडकको कारण दुर्घटनाहरु हुनेगरेको पाईन्छ । पालिकाको प्रमुख प्रकोप तथा जोखिमको रुपमा आगलागीलाई लिन सकिन्छ किनकी यो प्रकोप वर्षेनी आउने गरेको र यसले विपद्हरु घटिरहेकाछन् ।

| प्रकोप | भोगिरहेका समस्याहरु | संकटासन्नता | क्षमता | संकटासन्नता र क्षमताको दुरी |
|---|---|---|---|---|
| आगलागी | • घरभित्र रहेका अन्न तथा लत्ताकपडा जल्नु<br>• खाद्यन्नको अभाव, आर्थीक अवस्था कमजोर हुदै जानु<br>• दैसनक कृयाकलापमा अवरोध हुनु | • भान्सा,गोठ तथा घर खरले छाएको<br>• जनचेतनाको कमी<br>• आर्थीक अवस्था कमजोर हुदैगएको | • घर तथा भान्साको छाना लिपपोत गरेको<br>• आगलागी सम्वन्धी रेडियो कार्यक्रम संचालन गरेको | • गरीबी, अज्ञानता, अशिक्षा<br>• पालिकामा दमकलको व्यवस्था नहुनु<br>• आगो निभाउन पानी भर्ने सामाग्रीको कमी |
| खडेरी | • वालीनाली सुक्नु तथा उत्पादनमा ह्रास हुने जसले आम्दानीमा कमी भई खाद्यन्नको अभाव हुनु<br>• खानेपानीको अभाव<br>• जलवायुमैत्री खेतीको अभाव<br>• महामारीको अवस्था सिर्जना हुने | • सिचाईको लागि लगानी गर्न आर्थीक अवस्था कमजोर<br>• आधुनिक खेती प्रणाली वारेमा सीप तथा जानकारी नहुनु | • भुमिगत जलस्रोत भएको<br>• केही मात्रामा भएपनि कृषकहरुले आफ्नै स्रोतबाट वोरिङ, पोखरी वा अन्य सिञ्चाईको व्यवस्था गरेको | • भुमिगत जलस्रोतलाईप्रयागमा ल्याउने शुरुवात भएपनि व्यवस्थापनमा ध्यान दिनुपर्ने<br>• सामुहिक रुपमा सिञ्चाईका व्यवस्था गनुपर्ने<br>• जलवायुमैत्री खेती गर्न दक्ष प्रविधिक अझ खटिनुपर्ने<br>• खडेरी पर्दा राहत स्वरुप वीउविजन |

| | | | | |
|---|---|---|---|---|
| | | | | पाए पनि बीउ संकलन र भण्डारण नभएको । |
| बाढी | • ढल निकासको अभाव<br>• समुदाय विस्थापित हुनु<br>• वर्षेनी कटान र डुबान तथा पटानी हुनु<br>• वर्षातमा आवतजावत गर्न समस्या तथा बाढी आउदा विद्यार्थीहरुलाई विद्यालय आउन जान समस्या | • कटानी जस्ता समस्यालाई रोक्न समुदायहरु अन्य विभिन्न संघसंस्थाहरुसंग भर पर्नुपर्ने, आफै जुट्न नसक्नु खासगरी समुमायको आर्थीक अवस्था कम्जोर हुनु<br>• विपद् व्यवस्थापन सम्वन्धी ज्ञान नहुनु तथा सामाग्रीहरुलाई व्यवहारिक रुपमा प्रयोगमा नल्याउनु, वेवास्ता गर्नु, समयमै सचेतनहुनु | • स्थानीय श्रम तथा जनशक्ति<br>• विभिन्न संघ संस्थाहरु यस पालिका कार्यरत भएकोले सहयोग प्राप्त गर्न सकिने<br>• विपद् व्यवस्थापन समिति तथा कोषको व्यवस्थापन<br>• पानीको स्रोतमा बोरिङ, नहर, कुलो तालतलैया<br>• केहि उद्धार सामाग्री सहित पौडीबाज रहेका<br>• बाटोको सुविधा,<br>• धेरैस्थानमा बाढी निकासका लागि पुल, कर्ल्भट, ह्युमपाईप<br>• बचत समुह,सहकारी तथा बैकहरु | • जनचेतनाको अभाव<br>• नीतिनिर्माण तथा कार्वाहीको अभाव<br>• समुदायमा आयआर्जनका कार्यक्रमा कमी<br>• माटो बमोजिमको खेती गर्न जोड नदिनु<br>• त्टबन्धनका लागि संघसंस्थाहरु संगको समन्वय सहकार्यमा अभाव<br>• विभिन्न कार्यदल तथा समितिहरु सक्रिय नदेखिनु<br>• ठूला पुल निर्माणमा आर्थीक अभाव<br>• पुरुष विदेश जाने, महिला वृद्धवृद्धन वच्चाहरु मत्र घरमा हुनाले सामुदायिक काममा जनशक्तिको अभाव |
| महामारी | • स्वास्थ्यमा प्रतिकूल प्रभाव पर्नु शारिरीक कमजोर हुदै जानु<br>• दैनिक जीवनयापन गर्न गाह्रो<br>• लामखुट्टेले टोक्दा ईन्सेफ्लाईटिस तथा मलेरिया जस्ता रोगहरु लाग्ने | • मानविय मृत्यु, अपांगता, टाउको दुख्ने<br>• आँखा पाक्ने, छालाका रोगहरु देखा पर्ने<br>• आर्थीक अवस्था कमवोर<br>• समयमै स्वास्थ्य संस्थामा नजानु | • पालिकामा स्वास्थ्य तथा उपस्वास्थय चौकी, स्वास्थ्य ईकाइहरु रहेको, अस्पताल, आयुर्वेद औषधालय<br>• म.स्वा.स्व.से. रहेका<br>• वडामा | • जनचेतनाको कमी<br>• उच्च नल्काको कमी<br>• पानी शुद्धिकरण सम्वन्धी ज्ञानको कमी<br>• प्रत्येक घरमा चर्पी भएपनि प्रयोगमा भने कमी आएको |

| | | | | |
|---|---|---|---|---|
| | | | जनचेतना कार्यक्रम हुने गरेको<br>• घर वरिपरी सरसफाई | |
| शितलहर | • अन्न क्षति हुनु<br>• पशु चौपाया तथा मानिसहरु ठण्डीले मर्नु<br>• वृद्धवृद्धा र वालवालिकाहरुमा निमोनिया, रुघाखोकी तथा रोगका असर देखा पर्नु | • गरीबी<br>• जनचेतनाको कमी<br>• काठदाउरा अभावका कारण आगोको व्यवस्था नहुनु | • शितलहरको वारेमा महिला स्वास्थ्य स्वयमसेविकाहरु बाट सरसल्लाह दिनु | • न्यानो कपडा लगाउने ज्ञानको अभाव |
| सडक दुर्घटना | • जनधनको क्षति<br>• शारिरीक अपांगता तथा आर्थीक व्यय<br>• मानसिक तनाव | • ट्राफिक जनचेतनाको कमी<br>• कमजोर सडक तथा सवारी साधानको राम्रो अवस्थामा नहुनु<br>• अव्यवस्थित पार्किङ<br>• छाडा पशुचौपाया<br>• अदक्ष चालक तथा लापर्वाही<br>• सवारी साधनको संख्या बढ्नु | • ट्राफिक प्रहरीद्धारा बेलाबेलामा छड्के जाँच | • ट्राफिक नियममा चालक तथा समुदायमा चेतनाको कमी<br>• साँगुरो र बिग्रिएको सडक<br>• हाल सडक विस्तारको कारण खाल्डाखुल्डी धेरै भएको, डाईभर्सन राखिएको<br>• पार्किङको उचित व्यवस्था नभएको |
| सर्पदंश | • मानसिक तनाव<br>• मानिसको मृत्यु | • निकासको समस्या<br>• नजिकै सर्पदंश उपचार केन्द्र नभएको<br>• रातको समयमा समस्या हुने भएकोले एकिन गर्न गाह्रो अस्पताल लैजान पनि समस्या<br>• सडक बत्तिहरु | • सकेसम्म छर्चलाईट प्रयोग गर्ने गरेको<br>• एकअर्कालाई सहयोग गर्ने गरेको अस्पत्ताल लैजान सहयोग गरेको<br>• स्थानीय स्वास्थ्य जानकारसंग सल्लाह लिने गरेको | • सौचालयको कम प्रयोग हुनेगरेको<br>• होँचाा घरहरु<br>• प्राथमिक उपचार गर्न जानेका मानिसहरु गाउँमा नभएको<br>• रातको समयमा अरु किराले टोकेको होला भनी वेवास्ता गरेको |

| | | | | |
|---|---|---|---|---|
| | | नभएको | | |
| किट तथा लामखुट्टे आतंक | • लामखुट्टे तथा अन्य किराको टोकाईबाट जटिल रोगहरु फैलिने गरेको<br>• उपचारका लागि आर्थीकको कमी<br>• मानसिक तनाव<br>• खेतीवाली नोक्सानी | • वस्ती वरिपरी पानी जम्ने<br>• प्रसस्त खाल्डो तथा घोलहरु<br>• सरसफाईको कमी<br>• खेतीपातीमा प्राविधिक अभाव<br>• वालीचक्र खेती प्रणाली वैज्ञानिक नहुनु<br>• पुरानो तथा गुणस्तरहिन बीउको प्रयोग भईरहेको | • सकेसम्म धुवाँ लगाएर वस्ने गरेको<br>• स्थानीय स्तरमा उपलब्ध प्रविधि तथा ज्ञानको उच्चतम प्रयोग गर्ने गरेको । | • ढल निकासको राम्रो प्रवन्ध नभएको<br>• पानी जम्ने खाल्डाहरु प्रसस्तै भएको<br>• सरसफाईमा जनचेतनाको कमी<br>• झुल नलगाई सुत्ने गरेको<br>• रोग नियन्त्रणमा प्राविधिक सल्लाह कम लिने गरेको |
| हुरीवतास | • घर तथा अन्य भौतिक संरचनामा क्षति<br>• मनिस घाईते हुनु<br>• आर्थीभारमा वृद्धि<br>• जन, धन, पशु र अन्नको क्षति | • घर नजिकै सुकेको र कमजोर रुख हुनु<br>• घर बनाउदा छाना कमजोर बनाउनु<br>• विद्युतका पोलहरु घर नजिकै हुनु | • केही घरहरु पक्कि<br>• घरका छानाहरु राम्ररी बानेको | • घरवरीपरी कमजोर तथा ठूला रुखहरु भएको<br>• छाना जस्तापाता र खरले छाएको<br>• विद्यत् लाईन अव्यवस्थित |
| भुक्षय | • उत्पादनशिल जग्गा विनास भई उत्पादन घटेको<br>• नदी कटानले गर्दा भुक्षय भई उत्पादन हुने जग्गा काट्दै गएको | • नदीको वहाव बढी<br>• नदीको जग्गा अतिक्रमण गरी खेती गर्ने गरेको | • स्थानीय जनशक्ति भएको<br>• विरुवाहरु स्थानीय स्तरमा नै निशुल्क पाईने | • सामाजिक उत्रदायित्व वहन गर्ने परम्परा नभएको<br>• तटबन्धका कार्यहरु अति कम मात्रामा हुने गरेको |
| असिना | • वालीनाली तथा अन्य भौतिक क्षति<br>• चोटपटक लाग्ने | • प्रसस्तै खेतीवालीनाली<br>• भौतिक संरचना | • खासै नभएको | • वाली तथा सम्पत्ति विमाका वारेमा कम चासो तथा जानकारी |
| भुकम्प | • भौतिक संरचनाहरु ध्वस्त हुनु<br>• जनधनको क्षति<br>• मानसिक तनाव | • कमजोर भौतिक संरचना<br>• भौगोलिक अवस्थिति | • खुलला मैदानहरु प्रसस्त हुनु<br>• ठूला भौतिक संरचना भएको | • सुरक्षित स्थानहरुको परिचानमा कमी<br>• भवन निर्माण सम्वन्धी |

| | | | | |
|---|---|---|---|---|
| | | ● पूर्वतयारीको ज्ञान र सामाग्रीको अभाव | | आचासंहिताको पालना नगरेको<br>● भुकम्प सुरक्षा सम्वन्धी चेतनाको अभाव |

माथिको तालिकाबाट अध्ययन गर्दा वर्षेनी रुपमा हुने आगलागी, सुख्खा खडेरी, महामारी, वाढी कटान वाट अति प्रभावित भएको देखिन्छ खडेरी, सुख्खा, जनचेतनाको अभाव, गुचुमुच्च परेको वस्ती, खरले छायको घरहरुको कारण आगलागी प्रमुख प्रकोप तथा यसले विपद् ल्याउने गरेको छ । दोस्रो ठूलो प्रकोपको रुपमा सुख्खा खडेरी देखिन्छ । यसले वर्षेनी वाली नष्ट गरि लाखौं रुपिया बराबरको क्षति हुने गरेको छ ।

हुलाकी राजमार्ग, आरटिओ यही पालिकाको भाग भएर जाने भएकोले वर्षेनी मानविय क्षति तथा घाईते हुनेगरेको छ । त्यसैगरी महामारी, कटान, सर्पदंश, किरा तथा लामखुट्टेको आक्रमण, भुक्षय, रोगकिरा, हावाहुरी, असिना र भुकम्पले पनि विभिन्न विपद्हरु भएको देखिन्छ । समुदायसंगको छलफल तथा मौसमी पात्रोको आधारमा वर्षाको समयमा परिवर्तन भईपछि सर्दै गएको तथा वाढी तथा महामारी जन्य प्रकोप पनि पछाडी जाने गरेको पाईन्छ । जाडोको समय पनि घटेको पाईन्छ तर जाडोको मात्रा तथा हुस्सु लाग्ने समयावधि बढिरहेको देखिन्छ ।

गाउँपालिका भित्र र वडाहरुमा रहेका विभिन्न संघसंस्थाहरुले काम गरिरहेको भएपनि निर्णायक तहमा महिला, विपन्न वर्ग, अपांगता भएकाहरुको सहभागितामा कमी नै देखिन्छ ।

गाउँपालिका भित्र सडक विस्तारको स्थिति राम्रो देखिएपनि कतिपय ग्रामीण सडकहरु, होँचो, ग्राभेल नगरिएको, साँगुरो तथा आवश्यक पुलकल्भर्ट निर्माण कार्य थोरै भएपनि ढिलासुस्ती हुनाले वर्षाको समयमा डुबान हुने तथा हिलाम्मे हुने गरेकाले आवतजावतमा समेत कठिनाई हुने गरेको छ । जस फलस्वरुप विपद्को बेलामा समेत राहत तथा उद्धार कार्यमा वाधा हुने गरेको ।

उत्पादनशिल जग्गा भएपनि सिन्चाईको असुविधा, रोगकिराको आक्रमण, शितलहर, खडेरी तथा असिनाले गर्दा वर्षेनी लाखौंलाख नोक्शानी वेहोर्नुपरेकोछ । उर्वर जग्गाको क्षति पनि भएकोछ । समुदायस्तरमा वहुप्रकोप तथा विपद्को व्यवस्थापन नहुनु र जलवायु परिवर्तन सम्वन्धी जनचेतनाको कमी देखिन्छ । त्यसैले स्थानीय समुदायको जलवायु अनुकूलन क्षमताको विकास गर्नुपर्ने देखिन्छ तव मात्र समुदायको विपिद्संग सामना गर्न सक्ने, अुकूलित हुसक्ने र रुपान्तरित हुनसक्ने क्षमता बढ्छ, जलवायुमैत्री खेतीको प्रवर्धन हुन्छ ।

## २.६ बिषयगत क्षेत्रमा परेको प्रभाव विश्लेषण

| पहिलेको अवस्था ( करिब ३० वर्ष अगाडीको अवस्था) | अहिलेको अवस्था (पछिल्लो ५ वर्षको क्रम) | कारण | सम्भावित समाधानका उपायहरु |
|---|---|---|---|
| **कृषि, जिविकोपार्जन तथा खाद्य सुरक्षा** | | | |
| • उब्जनी कम हुन्थ्यो, आफ्नो उत्पादनले खान नपुग्ने अवस्था थियो<br>• जेनतेन खोले फाँडो ढिडो खाएर छाक टार्ने गरिन्थ्यो<br>• अन्न, तरकारी, फलफुल शुद्ध हुन्थ्यो<br>• परम्परागत खेति प्रणाली गरिन्थ्यो<br>• स्थानीय फलफुल प्रशस्त मात्रामा फल्थे<br>• स्थानीय वीउ रोपेर धान मकै कोदो फलाइन्थ्यो, मूख्य रूपमा कोदो खेति गरिन्थ्यो, थोरै मात्रामा धान खेति गरिन्थ्यो , गहत, मस्यांग खेसरी, मकै, कोदो आदी उत्पादन गरिन्थ्यो<br>• काउली, बन्द, प्याज, लसुन, गोलभेडा जस्ता तरकारी उत्पादन हुँदैनथ्यो<br>• प्राङ्गारिक मलको मात्र प्रयोग गरिन्थ्यो | • उब्जनि बढेको छ, तर स्वाद र पौष्टिकतामा मौलिकपन छैन<br>• विषादी तथा भिटामिनको अधिक प्रयोगले शुद्धता कम भएको छ ।<br>• खेति प्रणाली बिस्तारै परिवर्तन हुँदै गएको छ, हाइब्रिड वीउको प्रयोग बढेको छ ।<br>• स्थानीय फलफुल कम फल्न थालेका छन् वा लोप हुँदै गएका छन् ।<br>• स्थानीय अन्न प्रजातीको लोप भएको<br>• काउली, बन्द, प्याज, लसुन, गोलभेडा जस्ता तरकारी उत्पादन हुन थालेको छ ।<br>• रासायनिक मल र विषादीको प्रयोग बढेको छ ।<br>• अहिले उन्नत जातका कुखुरा, बंगुर पाल्ने गरिन्छ ।<br>• जनावरमा धेरै प्रकारका रोगहरु देखा परेका छन् तर औषधि उपचार पनि उपलब्ध छ ।<br>• नयाँ नयाँ रोग किराहरु देखा परेका छन् । | • कृषि प्रणालीमा आएको परिवर्तन, रासायनिक मल, विषादीको प्रयोग, हाइब्रिड वीउको प्रयोग, सिंचाईको उपलब्धता<br>• खेतिपातीका आधुनिक तौर तरिका र खाद्य व्यवहारमा आएको सचेतना<br>• विभिन्न रोग किराहरु विशेषगरी भुसिलकिरा को प्रकोप बढी हुनाले<br>• हावापानीमा आएको परिवर्तन<br>• प्रांगारिक मल मात्र प्रयोग गर्दा उत्पादन नहुनाले<br>• उन्नत जातका पशु पालनमा नाफा बढी भएकाले | • प्रांगारिक मल तथा जैविक विषादीको प्रयोग गर्ने<br>• माटो परीक्षण गर्ने र माटो अनुकूलको वीउ विजन प्रयोग गर्ने<br>• स्थानीय वीउ, फलफूलका प्रजातिको संरक्षण गर्नुपर्ने<br>• कृषि विज्ञको परामर्श लिने<br>• रसायनिक मलको प्रयोग घटाउने<br>• खडेरी बाट बच्न पानी संरक्षण र सदुपयोग गर्ने<br>• प्रांगारीक खेतिलाई जोड दिने<br>• जलवायु मैत्री कृषि प्रविधि अपनाउने<br>• जौविक मल, गोठेमल तथा प्राङगारिक मलको प्रयोगलाई प्रोत्साहन गर्ने<br>• कृषि |

| | | | |
|---|---|---|---|
| • पहिला बढीजसो गाई, साथमा केहि मात्रामा भैंसी र बाखा पनि पाल्ने गरिन्थ्यो<br>• पशुपालनमा थोरै प्रकारका रोग हरु थिए , तर उपचार र खोपको अभावमा मृत्युदर उच्च थियो<br>• बालीनालीमा रोग किराहरु कम थिए | • जस्तै,धान खेतिमा परेका रोगहरु (सेते, देखाराते, गबारो, पोके, झुसिलकिरा, सेतो पुत्ला, गुभो मर्ने )<br>• कोदोमा बाला निकाल्ने बेलामा सुख्खा लाग्ने, केस्रा मर्ने, किरा लाग्ने | | प्राविधिकसंग परामर्शमा रोगकिराको नियन्त्रण गर्ने<br>• कृषिबन प्रणाली लागू गर्ने<br>• सिंचाईको लागि पानीको स्रोतहरु संरक्षण, कुलो मर्मत तथा थप कुलो निर्माण गर्ने |
| **वन तथा जैविक विविधता** | | | |
| • जडिबुटीहरु पाइन्थ्यो ।<br>• घना जङ्गल तथा वातावरण अनुकुलका रूखहरू थिए ।<br>• साल लगायत रुखहरु धेरै हुन्थ्यो<br>• नदी खोलामा माछाहरु प्रशस्त पाइन्थ्यो ।<br>• बाघ चितुवा जस्ता जनावरहरु प्रशस्त पाइन्थे ।<br>• सरकारी वन फँडानी गरि खेति विस्तार गर्ने गरेको थियो ।<br>• मिचाहा झारहरु हुँदैनथ्यो, वनका पातहरु किराले खाँदैनथिए ।<br>• घाँस दाउरा स्याउला प्रशस्त पाईन्थ्यो<br>• पानीका मूलहरु | • जडिबुटी लोप भएका छन् ।<br>• जङ्गल कि त पातलिएको छ, कि खण्डीकरण भएको छ ।<br>• पहिलेका बोटबिरुवा लोप भएका छन् ।<br>• झुसिल किराको प्रकोप बढेको छ ।<br>• बनमारा जस्ता मिचाहा झार हरु फैलेका छन्<br>• खोलामा माछाको संख्या र प्रजाति घटेका छन् ।<br>• बाघ चितुवा लोप भएका छन् । बाँदर दुम्सिको प्रकोप बढेको छ ।<br>• वडा नं.१ म मात्र सामुदायिक वन संरक्षण भएको छ<br>• आगलागी हुने गरेको जीवजन्तु पनि हराउन थालेको र जडिवुटिमा | • वन फँडानी, आगालागी र जङ्गल अतिक्रमणका कारणले<br>• खडेरीका कारणले<br>• तापक्रममा आएको बृद्धिले<br>• विषादी प्रयोग गर्ने, करेन्ट लगाउने गरेर माछा मार्नाले<br>• चेतनाको विकास र सरकारी नीति नियम हरु विकसितहुँदै गएकोले वन संरक्षण हुन थालेको<br>• किनेको वीउ प्रयोग गर्दा संगसंगै मिचाहा झारहरु पनि आएको हुन सक्ने | • बनको संरक्षण, सम्वर्धन र सदुपयोग गर्ने<br>• सचेतना कार्यक्रम गर्ने<br>• जलचरहरुको संरक्षण गर्नुपर्ने<br>• बिशेषज्ञहरुको सेवा लिने<br>• खाली देखिने ठाउँमा वृक्षारोपण गर्ने<br>• सामुदायिक वनको अवधारणालाई दिगो रुपमा विकास गर्ने<br>• जौविक विविधता कायम राख्ने<br>• वन संरक्षण गरी घाँस दाउरा स्याउलाको उपलब्धतामा |

| | | | |
|---|---|---|---|
| प्रसस्त भएको<br>• वनजंगल संरक्षणमा भएका कारण सानातिना समस्या जस्तै घाँसदाउराहरु सजिलै पाउने | ह्रास आएका<br>• हाल वातावरण सन्तुलन विग्रन थालेको । | | सहज गराइनेछ ।<br>• जडिबुटी जन्य बोटबिरुवाहरुलाई संरक्षण गरिनेछ ।<br>• पानीका मूलहरुको संरक्षण गरी पानीको मात्रा बढाई सिञ्चाईमा सहयोग गर्ने |
| **स्वास्थ्य तथा पोषण** | | | |
| • शुद्ध खानेपानी तथा कम जनसंख्या थियो<br>• रोगका प्रकारहरु थोरै थिए तर औषधि उपचारको अभावमा सामान्य रोगका कारण पनि ज्यान गुमाउनुपर्ने अवस्था थियो ।<br>• व्यक्तिगत सरसफाई र शुद्ध खानपिन सम्बन्धि ज्ञान कम थियो ।<br>• जडीबुटी, झारफुक र धामीझाँक्रीले उपचार गरिन्थ्यो ।<br>• घरमै प्रसुती गराउने चलन थियो ।<br>• नसर्ने रोगहरु कम थिए ।<br>• लामखुट्टे, भुसुना, झिंगाहरुको प्रकोप उतिसारो थिएन ।<br>• कुवाको पानी सिधै पिउने गरिएको | • जनसंख्या वृद्धि भएको छ ।<br>• खानेपानीका मुहानहरु प्रदुषित भएका छन् ।<br>• विभिन्न रोगको उत्पत्ति भएको छ तर औषधि उपचारको सहजता बढेको छ<br>• व्यक्तिगत सरसफाई र शुद्ध खानपिन सम्बन्धि ज्ञान बढेको छ ।<br>• बिरामी भएमा स्वास्थ्य संस्था जाने गरेको<br>• घरमै प्रसुति गराउने चलन घटेको छ ।<br>• क्यान्सर, मधुमेह, दाद जस्ता रोगहरुको प्रकोप बढेको छ ।<br>• खानेपानीवितरणका लागि पानी टंकी निर्माण गर्न थालिएको छ । | • जनसंख्या वृद्धि, फोहोर मैलाको व्यवस्थापन गर्न नसक्नु, रासायनिक मल र बिषादीको प्रयोग बढी गर्नाले<br>• शिक्षा र चेतनाको वृद्धि<br>• पुर्वाधार को विकास<br>• आर्थिक स्थितिमा सुधार<br>• रासायनिक बिषादी र मल हालेको कृषि उपजहरु र तरकारीको प्रयोगले गर्दा | • फोहोरमैलाको व्यवस्थापन गर्ने<br>• खानेपानीका मुहानहरु संरक्षण गर्ने<br>• १००० दिने आमा र बच्चाहरुको लागि पोषणयुक्त खानेकुराहरुको व्यवस्थापन गर्ने<br>• शुद्ध पानी पिउने वातावरण श्रृर्जना गर्ने<br>• गाउँघर क्लिनिक सुचारु र प्रभावकारी बनाउने<br>• सुरक्षित मातृत्व तालिम संचालन गर्ने<br>• शिक्षा जनचेतना कार्यक्रम, पोष्टर, पम्फ्लेट वितरण आदि<br>• स्वास्थ्य शिविरहरु संचालन गर्ने वातावरणीय र |

| | | | |
|---|---|---|---|
| थियो । | | | व्यक्तिगतसरसफाईमा ध्यान दिने |
| **जलश्रोत र उर्जा** | | | |
| • पानीका पोखरी, ताल, मुहानहरु प्रशस्त थिए ।<br>• उपयुक्त समयमा उपयुक्त मात्रामा वर्षा हुन्थ्यो ।<br>• पानी प्रदुषित थिएन ।<br>• उर्जाको स्रोत दाउरा थियो ।<br>• उज्यालोको लागि टुकी बत्ति, दियालो आदि बाल्ने गरिन्थ्यो ।<br>• पानी जन्य समस्या आउदैनथ्यो ।<br>• पानी प्रसस्त भएकोले खेतबाली राम्रो हुन्थ्यो ।<br>• बन जंगलमा प्रसस्त रुखहरु भएकोले वातावरण स्वच्छ थियो ।<br>• बाढी त्यति धेरै आउदैनथ्यो बाढी आए पनि खोला मै हुन्थ्यो क्षती अहिलेको तुलनामा कम थियो ।<br>• चैत बैशाखमा हावाहुरी आउँथ्यो ।<br>• शितलहरहरुको समस्या कम थियो | • खानेपानीका मुहानहरु सुक्दै गएका छन् ।<br>• बर्षाको समय र दरमा परिवर्तन आएको छ ।<br>• पानीको सतह वर्षामा बढी र हिउँदमा कम भएको छ ।<br>• पानी प्रदुषित भएको छ ।<br>• जलविद्युत, सौर्यउर्जा, सिलिण्डरको ग्याँसको प्रयोग बढेको छ<br>• अव्यवस्थित सडक निर्माणको कारण अत्याधिक पहिरो जाने तथा भू-क्षय हुने गरेकोछ ।<br>• समय समयमा हुने आगलागीले पनि जंगललाई असर गर्ने गरेको । छोटो समयको घना वर्षा भई कटान तथा वाढी अत्याधिक हुने गरेकोछ<br>• कृषि क्षेत्रमा किरा, रोग लाग्ने गरेको<br>• सिंचाईमा असर परेको, खडेरीको समय लम्बिएको,गर्मीयाममा बढी गर्मी तथा जाडोमा बढी जाडो महसुस गरिएकोछ ।<br>• गर्मीको समय लम्बिएको र जाडोको | • जनसंख्या वृद्धि<br>• तापक्रम वृद्धि<br>• सिंचाई र अन्य उपयोगमा प्रयोग बढेको<br>• जलवायुमा आएको परिवर्तन<br>• आर्थिक हैसियतमा वृद्धि<br>• नयाँ नयाँ प्रविधिहरुको आविष्कार | • सुधारिएको कुवा ईनार निर्माण गर्ने, पानीका मुहानहरु संरक्षण गर्नुपर्ने<br>• खोला, तालबाट मोटर लगाएर पानी तान्ने सिञ्चाई गर्ने<br>• नवीकरणीय उर्जा जस्तैः सोलार, जलविद्युत, गोबरग्याँस प्रयोगलाई बढावा दिने<br>• बाढी कम गर्न तटबन्ध, निर्माण, वृक्षरोपण, घरवरीपरी, बाटो, नहरको छेउछाउमा रुखहरु लगाउने<br>• खेतवारी तथा घरायसी प्रयोजन तथा सिंचाईको लागी पानीका मूलहरुको व्यवस्थापन गरी नयाँ कुलाहरुको निर्माण गरी समुदायमा आर्थिक उन्नतीको मार्ग जोड गरिनेछ ।<br>• पानीको मुहान |

| | | | |
|---|---|---|---|
| • वर्षा नियमित हुन्थ्यो । | समय घटेको ।<br>• पानीका मुलहरु सुक्दै गएको<br>• क्षणिक तथा घना वर्षा ले प्रकोपको रुप लिने गरेको | | तथा जंगल संरक्षण गरिनेछ । |
| **बसोबास तथा पूर्वाधार** | | | |
| • कच्ची घरहरु थियो<br>• सडक, विद्युत, मोबाइल फोन, खानेपानी योजना केहि थिएन ।<br>• संचारको लागि चिठीपत्रको चलन थियो, सिमित रुपमा रेडियो थियो<br>• विद्यालय भवनहरु सिमित थिए ।<br>• सामुदायिक भवनहरु थिएन<br>• पतलो वस्ती<br>• बसाईंसराईको दर कम थियो ।<br>• वस्तीहरु पातली थियो ।<br>• बस्ती भन्दा जंगलहरु नै धेरै थियो ।<br>• यातायातको सुविधा कम थियो<br>• ईन्धनको रुपमा मानिसहरु दाउरा मात्र प्रयोग गर्ने गर्थे ।<br>• विजुली थिएन । | • पक्की घर निर्माणमा वृद्धि भएको, ढलान गरिएका घरहरुको संख्या बढेको<br>• कच्चीसडक, विद्युतको व्यापक विकास भएको छ, खानेपानी वितरण प्रणालीको विकास भएको छ ।<br>• हात हातमा मोबाइल फोन छ, टावर बनेको छ, वाईफाई बढेको ।<br>• सामुदायिक भवनहरु बनेका छन् ।<br>• शहरीकरण भएकोछ, सुविधायुक्त स्थानमा बसोबास बढी देखिन्छ<br>• बसाईं सराईको दर बढेको छ ।<br>• जनसंख्या बढ्दै गएको र वस्ति बाक्लिँदै गएकोछ ।<br>• सिंचाईको व्यवस्थापन भईरहेको ।<br>• कच्ची र पक्की सडकहरु बढ्दै छ ।<br>• शैक्षिक संस्थाहरु क्रमिक रुपमा वृद्धि हुँदै गएको छ ।<br>• यातायातको केही | • आर्थिक स्थितिमा सुधार आएकोले<br>• जीविकोपार्जनमा विविधिकरण आएकोले<br>• जनसंख्या वृद्धि, बसोबास योग्य स्थानको अभाव भएकाले<br>• प्रविधिको तीव्र विकासले<br>• विकास निर्माण सहरी क्षेत्रमा बढी केन्द्रित हुनाले<br>• जनसंख्या वृद्धिदर रोकीने छैन ।<br>• बस्तीहरु अझै बाक्लिदै जानेछन । | • दीगो विकासमा जोड दिनुपर्ने<br>• बसोबास योग्य, खेतीयोग्य जमिनको पहिचान गरी बसोबास र खेति गर्नुपर्ने<br>• एकीकृत बस्तिको मोडेलमा जानुपर्ने<br>• ग्रामिण सडक तथा भौतिक पूर्वाधार वृद्धि गर्ने<br>• भुकम्प प्रतिरोधात्मक, वाढीबाट बच्न सकिने घरहरु निर्माण गर्ने<br>• बिद्यमान पानीका स्रोतहरुको संरक्षण, मर्मत र सवलीकरण गर्ने<br>• सडकहरुको स्तरउन्नति गर्ने<br>• गुणस्तरिय शिक्षामा जोड दिईने । बाढी र भुकम्प प्रतिरोधात्मक र |

| | | | |
|---|---|---|---|
| • गाउँ घरमा मट्टितेलको प्रयोग गरेर बत्ती बाल्ने गरिन्थ्यो ।<br>• पानीका मूलहरु प्रसस्त थिए ।<br>• जनसंख्या पनि थोरै थियो रखानेपानीको समस्या थिएन<br>• शौक्षिक संस्थाहरु प्रयाप्त थिएन ।<br>• घरघरमा शौचालय थिएन । | सुविधा भएको छ<br>• इन्धन तथा उर्जाको रुपमा गोवर ज्याँस,एल.पि.जि ग्याँसको प्रयोग बढेको सौर्य शक्ति र ईन्भटरको प्रयोग गर्ने गरेको छ ।<br>• प्राय सबै घरमा शौचालयहरु बनी खुल्ला दिसामुक्त क्षेत्र घोषण भएको | | वातावरण मैत्री विद्यालय निर्माण गर्ने<br>• बिजुली बत्ति, सौर्य उर्जा, वायोग्याँस जस्ता ईन्धनको प्रयोग बढाउने र डिजल, मट्टितेल, पेट्रोलको मात्रामा कमी ल्याउने ।<br>• निर्माण र प्रयोग भईरहेका चर्पीको व्यवस्थापन गर्ने । |
| **अन्य** | | | |
| • गृहिणीहरुलाई स्वास्थ्य शिक्षा, पहुँच थिएन<br>• घरको काम, वच्चाहरुको लालनपालन रेखदेख, वस्तुभाउ हेरचाह, कृषिखेती जस्ता कार्यमा महिलालाई बढी प्रयोग गरिन्थ्यो ।<br>• चिउरा कुट्ने, ढिकीमा धान कुट्ने चलन थियो ।<br>• आयआर्जनको स्रोत व्यापार र परम्परागत कृषि थियो ।<br>• घरेलु कपडा उत्पादन गरिन्थ्यो ।<br>• गर्भवति सुत्केरी महिला तथा २ वर्ष मुनिका | • गृहिणीहरुलाई स्वास्थ्य शिक्षा मिलेको छ, तर पर्याप्त छैन ।<br>• संस्थागत सुत्केरी गराउने क्रम बढेको<br>• घरायसी तथा कृषि कार्यमा महिला पुरुष दुबैको कामको बाँडफाँड बढेकोछ<br>• किनेर खाने चलन बढेको छ, फास्ट फुड को चलन बढेको छ ।<br>• आय आर्जनको स्रोत बिस्तारै नोकरी, वैदेशिक रोजगार र व्यावसायिक कृषि तर्फ मोडिएको | • शिक्षा र चेतनाको विस्तार<br>• प्रविधिको तीव्र विकास,आत्मकेन्द्रित भावनाको विकास<br>• जीवनशैलीमा आएको परिवर्तन<br>• आर्थिक स्थितिमा आएको सुधार<br>• | • लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्वन्धी तालिम सञ्चालन गरी महिला पुरुषको बराबर सहभागिता बढाउने ।<br>• महिलाहरुलाई घर बाहिरको सामाजिक कार्यमा पनि सहभागिता बढाउने अवसरको वातावरण सिर्जन गर्ने<br>• नैतिक र वातावरणीय शिक्षाको वृद्धि<br>• जीविकोपार्जनमा विविधता निम्त्याउने |

| | | | |
|---|---|---|---|
| बच्चाहरुको लागि पोषणगुक्त खानेकेराको ग्यारेन्टी थिएन | | | |

## २.७ प्रकोप, जोखिम तथा सामाजिक स्रोत नक्साङ्कनः




विजयनगर गाँउपालिका वडा नं २
सामाजिक स्रोत तथा जोखिम नक्शा
सडक -
पुल -
नदि/खोला
पोखरी
जंगल
उ.
प.
पु.
द.
खुल्ला स्थान -
बस्ती -
वडा का. -
स्वा. चौकी -
प्रहरी चोकी -
विद्यालय -


विजयनगर गाँउपालिका वडा नं ३
सामाजिक स्रोत तथा जोखिम नक्शा
सडक
पुल
नदि/खोला
पोखरी
जंगल
खुल्ला स्थान
विद्यालय
स्वास्थ्य चौकी
वडा का.
प्रहरी का.
वस्ती
खेती
खोला/नदि
कटान
पटान
डुबान
उ.
प.
पु.
द.



पिजयनगर गाँउपालिका वडा नं ४
सामाजिक स्रोत तथा जोखिम नक्शा
उ
पू
प.
द
सडक
पुल
नदि/खोला
पोखरी
खुल्ला स्थान
बनक्षेत्र
खेती
वडा का.
प्रहरी का.
स्वा. चौकी
विद्यालय
सार्वजनिक भवन
बाढि/डुबान
कटान, पटान


विजयनगर गाँउपालिका वडा नं. ५
सामाजिक स्रोत तथा जोखिम नकशा
उ.
प.
पु.
द.
सडक
पुल
नदि/खोला
पोखरी
वनक्षेत्र
खुल्ला स्थान
वडा.का
बस्ती
स्वा.चौकी
प्रहरी का.
पालिका
सा.भवन
विद्यालय


विजयनगर गाउँपालिका वडा नं. ६
सामाजिक स्रोत तथा जोखिम नक्शा
सडक -
पुल -
नदि/खोला -
जंगल -
बस्ती -
प्रहरी का. -
स्वास्थ्य चौकी -
पोखरी -
खुल्ला स्थान -
विद्यालय -
वडा का. -
खेतीपाती -
बाढि, डुवान
कटान, पटान
सार्वजनिक भवन
उ.
पू.
प.
द.


विजयनगर गाँउपालिका वडा नं. ७
सामाजिक स्रोत तथा जोखिम नक्शा
सडक
पुल
नदि/खोला
पोखरी
खुल्ला स्थान
जंगल/बगैंचा
खेती क्षेत्र
बस्ती
वडा का.
स्वा.चौ.
प्रहरी का.
विद्यालय
नदि कटान डुबान, पटान.
उ.
प.
पु.
द.
R.T.O. Road

## २.८ संस्थागत विश्लेषण

विजयनगर गाउँपालिका तथा यस पालिका अर्न्तगतको स्थानीय विपद् व्यवस्थापन समिति विजयनगर गाउपालिकाले निर्माण गरेको स्थानीय विपद् तथा वलवायु उत्थानशिल योजनाको कार्यान्वयन गर्नको लागि पालिका भित्र रहेका विषयगत शाखाहरुको परिचालन, पालिका स्थित विभिन्न समुह, क्लव, संस्थाहरु, सहकारी, नीजि कम्पनीहरुसंगको समन्वय र सहकार्य, जिल्ला स्थित विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरुसंगको समन्वय, सहकार्य तथा साझेदारीमा मात्र सम्भव हुन्छ । ठूला कार्यक्रम तथा आयोजना र ठूला बजेटका कृयाकलापहरुको कार्यान्वयनका लागि पालिकाले जिल्ला, प्रदेश र केन्द्रिय सरकारहरुसंग निरन्तर समन्वयको आवश्यकता हुन्छ । हाल पालिकाले निम्न संस्थागत सम्वन्ध राखेको छ भने प्रत्यक्ष अप्रत्यक्ष रुपमा सम्पर्कमा रहेका सरोकारवालहरुको उल्लेख गरिएको छ ।



## २.९. सेवा प्रदायक संघसंस्थाहरु

विजयनगर गाउँपालिकामा विभिन्न सेवा प्रदायक संघसंस्थाहरुले शिक्षा, स्वास्थ्य, खानेपानी, कृषि, सुरक्षा, सहकारीता, सञ्चार, बचत तथा एकिकृत सामुदायिक विकास कार्यक्रममार्फत सेवा दिईरहेकाछन् । विपद् व्यवस्थपन तथा जलवायु अनुकूलनमा काम गर्ने संस्थाहरु निकै कम छन् । तर पनि कुनै न कुनै संस्थाहरुसंग प्रत्यक्ष अप्रत्यक्ष रुपमा सामाजिक, भौतिक, मानविय, आर्थीक सेवाहरु लिन सकिने हुन्छ । तर अहिले स्थानीय सरकार स्वायत्त भएकोले आन्तरिक रुपमा विभिन्न विषयगत शाखाहरु मर्फत समुदायमा भरपुर सेवाहरु उपलब्ध भईरहेको छ । म्याचिङ फण्डका लागि पालिकाले जिल्ला स्थित सरकारी तथा गैरसरकारी कार्यालय र संघ प्रदेशमा पनि निरन्तर समन्वय, सहमति, सहकार्यको हात बढाउनुपर्ने देखिन्छ ।

| क्र.सं. | संस्थाको नाम | हाल भएको स्रोत तथा क्षमताहरु | विपद्को समयमा उपलब्ध गर्न सकिने सहयोगहरु | कैफियत |
|---|---|---|---|---|
| १ | युनीसेफ भैरहवा | • वालवालिकाहरु र महिलाहरुको लागि किटस, | • विपदको वेलामा परिचालन हुने विविध सामग्रीहरु तथा कर्मचारीहरु | |
| २ | नेपाल रेडक्रस सोसाईटी | गैह्र खाद्य सामग्रीहरु | विपद्को समयमा तत्कालै जिल्ला रेडक्रसबाट समन्वय गरी आवश्यकता अनुसार राहत सामाग्री दिन सकिने | |
| ३ | गाउँपालिका स्तरीय महिला सञ्जाल | आफ्नै भवन<br>सक्रिय महिला सदस्हरु | सुरक्षित आश्रयस्थलको रुपमा केही समय उपलब्ध गराउन सकिने | |
| ४ | इलाका प्रहरी, प्रहरी चौकी, शसस्त्र प्रहरी वल | जनशक्ति र उद्धार सामग्री | विपदमा उद्धार, सुरक्षित स्थानमा व्यवस्थापन, धनमालको सुरक्षा, जीउधनको सुरक्षा, गासवास कपासको व्यवस्था जस्तैः चिउरा चाउचाउ | प्रमुखहरु |
| ५ | विपद् व्यवस्थापन शाखा, विजयनगर गा.पा. आपत्कालिन कार्य सञ्चालन केन्द्र | कर्मचारी १, RRT १, विपद् व्यवस्थापन कोष, त्रिपाल, लाईफ ज्याकेट, उद्धार सामग्री | RRT विपद्को बेलामा परिचालन गर्न सकिने, विपद्मा परेका व्यक्तिहरुलाई आर्थीक सहयोग गर्न सकिने, विपद्मा डुंगा, लाईफ ज्याकेट, त्रिपाल प्रयोगमा गरिने, | हिमलाल पौडेल |
| ६ | अस्पताल, आयुर्वेदिक औषधालय, स्वास्थ्य चौकी | • जनशक्ति- हे.अ.हरु का.स., अहेव, अनमी<br>• IV set, IV fluid, औषधीहरु<br>• म.स्वा.स्व.से.<br>• अन्य स्वास्थ्य | कर्मचारीहरु विपद्को बेलामा परिचालन गर्न सकिने, विपद्को बेलामा स्वा.चौ.मा उपलब्ध भएको औषधीहरु वितरण गर्न सकिने, माहामारी, बाढी वा अन्य विपद्को बेलामा म.स्वा.स्व.से. | प्रमुखहरु |

| | | | | |
|---|---|---|---|---|
| | | संस्थाहरुमा फेयर मेड, सुआहारा, किड्स, ABC<br>● स्थानीय रुपमा सञ्चालित वाल सञ्जाल तथा क्लबहरु | परिचालन गर्न सकिन्छ । विपद्को बेलामा कार्यरत अन्य स्वास्थ्य संस्थाहरुसंग समन्वय गरेर मानविय सहयोग र सचेतनामूलक कार्यक्रम गर्न सकिने | |
| ७ | स्वास्थ्य शाखा विजयनगर गाउँपालिका | ● जनशक्ति- स्वास्थ्य शाखा प्रमुख १, सहप्रमुख १, बरिष्ट पोषण स्वयमसेवक<br>● गा.पा.को स्टोरमा रहेको औषधी र अन्य सेवाहरु<br>● स्वास्थ्य कर्मी ४० जना र म.स्वा.स्व.से. ५५ जना | ● सम्पूर्ण स्वास्थ्य चौकीका स्वास्थ्य कर्मीहरु परिचालन गर्न सकिने,<br>● विपद् पूर्वतयारीका लागि गा.पा.स्तरीय योजना निर्माण गर्ने,<br>● विपद्को बेलामा स्वास्थ्य कर्मी तथा महिला स्वयमसेविकाहरु परिचालन गर्न सकिने,<br>● स्वास्थ्य तथा खानेपानी सरसफाई सम्वन्धी सुचना प्रवाह गर्ने,<br>● विपद्को अवस्था हेरी मौजदात औषधीहरु वितरण गर्न सकिने अन्य स्वास्थ्य संघसंस्थाहरु संग समन्वय गर्ने<br>● पालिका पदाधिकारी, जनप्रतिनिधि, फोकल पर्सनसंग समन्वय र सहकार्य गर्ने<br>● विपद्को बेलामा सबै क्लष्टरहरुसंग समन्वय गर्ने | प्रमुख |
| ८ | कृषि शाखा | ● प्राविधिकहरु<br>● विषयविज्ञ १ जनाः वाली उपचार शिविर<br>● तथ्यांक संकलन<br>● वाली विमा<br>● वाली संरक्षण | ● प्राविधिक सहयोग<br>● आकस्मि रोग किराको व्यवस्थापन गर्न घुम्ति शिविर संचालन गर्न सकिने<br>● वाली विमामा सहयोग गर्न सकिने<br>● शितलहर परेको बेलामा वाली जोगाउने उपायहरु ऋामसंचार माध्यमबाट जानकारी गराउने | |

| | | | | |
|---|---|---|---|---|
| | | | • बैकल्पिक वाली लगाउन जोड दिने<br>• Resistant varieties लगाउन सिफारिस गर्ने<br>• Crop rotation तथा बेमौसमी वाली लगाउन सहगोग गर्ने | |
| ९ | पशु सेवा शाखा | • गाईभैंसीममा खोरेत रोग विरुद्ध भ्याक्सिन सॅञ्चालन गर्ने<br>• समुह समिति संग विपद् सम्वन्धी सामुहिक छलफल गर्ने<br>• नियमित घरदैलो प्राविधिक सेवा सञ्चालन<br>• पशुहरुमा बाँझोपना तथा व्यवस्थापन | • तुरुन्तै प्राविधिक परिचालन गर्न सकिने<br>• आकस्मिक उपचार तथा खोप सेवा सञ्चालन गर्न सकिने<br>• पशुस्वास्थ्य घुम्ति सेवा कार्यक्रम<br>• विपद् व्यवस्थापन सहकार्यमा विज्ञ सेवा प्रदान गर्ने<br>• कार्यपालिकाले गर्ने निर्णयहरुको कार्याव्नयन र सहकार्य<br>• पशुपंछि विमामा सहजीकरण<br>• बर्डफ्लु, स्वाईन फिवर तथा जुनेटिक रोगहरुसंग सम्वन्धीत सुचना स्थानीय सञ्चार माध्यमबाट प्रसार गर्ने | |
| १० | सबै वडा कार्यालयहरु | • आर्थीक स्रोत<br>• प्रतिकार्यका सामाग्रीहरु<br>• वडास्तरीय विपद् व्यवस्थापन समिति<br>• सामुदायिक भवन | • विपद्को वेलामा राहत सामाग्री वितरण<br>• उद्धार गर्ने<br>• स्वयमसेवक परिचालन<br>• प्रतिकार्य र पुनस्थापना गराउने | कृषि, वन, पशुका प्राविधिकहरु, प्रशासनिक कर्मचारी, सचिव सहित, वडा समितिका ५ जना तथा ओभरसियर रहेको |
| ११ | सामुदायिक वन उपभोक्ता समुह | • सामुदायिक वन | • पिडितलाई आर्थीक सहयोग गपलब्ध गराउने, काठे पुल, बाटो बनाउन दाउरा उपलब्ध गराउने, पिडितलाई काठ दिन | |

| | | | | |
|---|---|---|---|---|
| | | | सकिने | |
| १२ | कृषि ज्ञान केन्द्र, पशुविक्ष केन्द्र | ● | ●विपद् पूर्वतयारीमा कृषि मौसम सल्लाह दिने, कृषि र पशु सास्यामा प्राविधिक सहयोग उपलब्ध गर्न सकिने | |
| १३ | सहकारी संस्थाहरु | ● | ●कृषि उत्पादन वृद्धिका लागि मलखाद, औषधी र प्राविधिक सहयोग | |
| १४ | जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला प्रशासन कार्यालय | ● | ●समुदायमा सुरक्षा र विपद्मा खोज तथा उद्धार सहयोग | |
| १५ | जिल्ला समन्वय समिति | ● | ●समन्वय | |
| १६ | नेपाल रेडक्रस | ● | ●विपद्को बेलामा राहत, उद्धार, प्राथामिक उपचार, जटिल विरामीलाई अस्पत्ताल लैजाने | |
| १७ | जिल्ला आपत्कालिन कार्यसञ्चालन केन्द्र | ● | ●विपद् सम्वन्धी सुचना व्यवस्थापन<br>●खोज तथा उद्धारमा समन्वय | |
| १८ | पत्राकार, एफएम | ● | ●विपद् भएको स्थानमा क्षतिको अवस्थावारे सुचना प्रसारण | |

## २.१०. जीविकोपार्जनका स्रोतहरूको उपलब्धता र भविश्यको अनुमान

जीविकोपार्जनका ५ वटा पुँजीहरुमा वडाको विद्यमान अवस्था र ती पुँजीहरुमा भविष्यमा उच्च अनुकूलन क्षमताको लागि वडाले कस्तो भएको देख्न चाहन्छन् भनी सहभागिमुलक विधिबाट अनुमान गरिएको छ । जीविकोपार्जनका ५ वटा पुँजीहरुमा सुधार भएमा समुदायको अनुकूलन क्षमतामा बृद्धि भई विपदबाट हुने नकारात्मक असरबाट कम प्रभावित हुनेछन् ।

**जीविकोपार्जनका स्रोतहरुको पहिचान र भविश्यको अनुमान**

| जिविकोपार्जनका स्रोत | वर्तमान अवस्था | भविष्यको उच्च अनुकुलनको अनुमान |
|---|---|---|
| **भौतिक स्रोत** | ● सबै वडा गरी ७० भन्दा वढि पुल | ● सबै वडाहरुमा नाला सहितको पक्की |

| | | |
|---|---|---|
| | कल्भर्ट<br>● सबै वडामा पिच, कच्ची तथा ग्राभेल सडकहरु<br>● विभिन्न ठाउँमा बाँधहरु भएको<br>● विद्यालय भवन<br>● मदरसाहरु बनेको<br>● वडाभरी विद्युत र सञ्चार भएको<br>● सबै वडामा अटो, मोटरसाईकल, टेक्टर भएका<br>● स्वास्थ्य चौकी, इकाई, अस्पताल निर्माण भएको | बाटोहरु निर्माण हुने,<br>● पक्की कल्भर्ट र पुल निर्माण<br>● भुकम्प प्रतिरोधात्मक घर, विद्यालय, कार्यालयको निर्माण हुने<br>● प्रत्येक घरमा चर्पी, सामुदायिक चर्पी,<br>● सेवा सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन निर्माण भएको हुने |
| **मानविय स्रोत** | ● शसस्त्र प्रहरी वल संग २ खोज तथा उद्धार तालिम प्राप्त व्यक्तिहरु रहेका<br>● प्राथमिक उपचार सम्वन्धी तालिम स्वयंसेविकाहरु तथा स्वास्थ्यकर्मिहरु रहेका,<br>● कृषि प्राविधिक तथा पशु प्राविधिकहरु रहेको<br>● शिक्षक<br>● कर्मचारी<br>● सिकर्मी १२७, डकर्मी ३६७<br>● डाईभरहरु | ● अझै विकास तथा विस्तार गर्नका लागि अनुभव, दक्ष, तालिम प्राप्त सिकर्मी र डकमी हुने, नयाँ नयाँ प्रविधिको प्रयोग हुने, युवाहरुलाई स्वदेशमै रोजगार प्रशस्त पाउने ।<br>● व्यवसायिक कृषि, जीविकोपार्जन, पशुपालनमा दक्ष जनशक्ति विकास भएको हुनेछ । |
| **प्राकृतिक स्रोत** | ● ५० प्रतिशत खेतियोग्य जमिन<br>● नदी खोलाहरु रहेका<br>● नीजि ताल र पोखरीहरु रहेको<br>● सार्वजनिक तालहरु<br>● सिञ्चाईका लागि बोरिङ, कुलो र पोखरीहरु<br>● सामुदायिक वन, कुवाहरु | ● सामुदायिक जङ्गल तथा मुहान संरक्षण हुनेछ<br>● नीजि तथा सार्वजनिक ताल र पोखरीहरुको संरक्ष, मर्मत र विस्तार भएको<br>● भईरहेको कुलो र नहरको मर्मत, विस्तार गरी सिञ्चाई पानी प्रसस्त भएको<br>● पानीका कुवाको संरक्षण र मर्मत भएको<br>● वनको संरक्षण, संवर्धन र सदुपयोग भएको |

| | | |
|---|---|---|
| **सामाजिक स्रोत** | • सामुदायिक भवन तर केही मर्मत गर्नुपर्ने<br>• पाटीपौवा<br>• सार्वजनिक धाराहरु रहेको, केहीवडाहरुको लागि खानेपानी टंकी निर्माण भएको<br>• मठमन्दिरहरु<br>• मस्जिद रहेको<br>• चर्च | • सामुदायिक भवनको विस्तार, मर्मत भएको र विपद्को बेला आवश्यक पर्दा आश्रयस्थलको रुपमा प्रयोग भएको ।<br>• निर्माणाधिन पानी टंकीहरु सम्पन्न भई स्वच्ट खानेपानी उपलब्ध भएको<br>• धार्मिक सहिष्णुता बढेको |
| **आर्थिक स्रोत** | • ईंटा, स्टील, चामल उद्योग कलकारखाना<br>• सबै वडाहरुमा गरी १०० भन्दा वढि वटा बचत समुह रहेको<br>• युवायुवतीहरुको वैदेशिक रोजगारमा जाने कम बढ्दोछ ।<br>• गाउँमा साना साना पसलहरु, होटल व्यवसायको थालनी भएको | • उद्योग कलकारखानाहरुको विस्तारभई स्थानीय समुदायले रोजगार पाएका<br>• बचत समुहहरु क्रियाशिल भई ऋण लगानी भई आम्दानीका स्रोतहरु वृद्धि भएको<br>• कृषि र पशु व्यवसायीकरण वृद्धि भई स्वदेशमै राजगारीको अवसर सिर्जना हुने र समुदाय आत्मनिर्भर हुने<br>• कृषिमा आधुनिककीरण हुने र कृषिले बजार पाउने<br>• तरकारी संकलन केन्द्रको स्थापना र व्यवस्थापन हुने |

*स्रोत : WDMC छलफल, बैशाख २०८१*

## २.११ स्थानीय ज्ञान, सीप, क्षमता र प्रविधिको लेखाङ्कन

यस अनुसूचीमा उल्लेख भएका सङ्कटासन्नता तथा क्षमता विश्लेषणका औजारको प्रयोगबाट समुदायमा विपद्को सामना गर्न अपनाउने गरिएका विधिहरूको सूची तयार गरी निम्नबमोजिमको खाकामा स्थानीय ज्ञान, सीप र विधिको सूचीकरण गर्नु पर्नेछ । यसले विपद्को समना गर्न भविष्यमा अपनाउनु पर्ने विधिको पहिचान गर्नेछ जसबाट स्थानीय ज्ञान र सीपको प्रबर्द्धन गर्न सहयोग पुग्नेछ ।

| क्र. सं. | विपद् / प्रकोपको प्रकार | विपद् भएको वर्ष/महिना | विपद्पहिले गरिएका पूर्वतयारी तथा जोखिम न्यूनीकरणका कार्य | | विपद्को सामनाका लागि विपद्को समय र पछि अपनाइएका विधि | |
|---|---|---|---|---|---|---|
| | | | व्यक्तिगत रूपमा | सामुहिक रूपमा | व्यक्तिगत रूपमा | सामुहिक रूपमा |
| १ | वाढी | ोनियमित | भल कटाउने कुलो<br>खाद्यन्न र सामानहरुको सुरक्षा | वृक्षारोपण, ग्याबियन वाल तथा तटबन्धन हालेको | खेतिको लागि खेत मिलाएको, ढुङ्गाहरु टिपेर फालेको र पर्खाल बनाएको | कुलो बनाउनुका साथै ढल निकास |
| २ | महामारी | | सरसफाई<br>सफा पानी पिउने | पानी शुद्धिकरण छलफल | फोहर व्यवस्थापन उपचार | फोहर व्यवस्थापन उपचार |
